Jana Aakash National Weekly

जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष-१२ , अंक- १, २०७६ साल साउन १४ गते मंगलबार (July 30, 2019) www.janaakash.com.np मुल्य रु १०।-

## सूचना ! सूचना !! सूचना !!!

यस जनआकाश मिडिया प्रा.लि.ले वार्षिकउत्सवको अवसरमा राष्ट्रलाई योगदान पुर्‍याएका व्यक्तित्वहरुलाई प्रत्येक वर्ष सम्मान गर्दै आएको छ यसवर्षबाट अक्षयकोषाको व्यवस्था समेत गर्ने भएको हुँदा विद्यार्थीवर्ग, जन आकाशका शुभचिन्तक, पाठक वर्ग, विज्ञापनदाता, देशभरी रहेका जन आकाशका प्रतिनिधिहरु र सम्मानित व्यक्तिहरु, अतिथि, विशेष अतिथिहरु सबैलाई पत्राचार गरिसकेको र यदी नपुगेको भए यसै सूचनालाई आधिकारिक मानेर उपस्थित भइदिनु हुन अनुरोध गर्दछौं ।

कार्यक्रम स्थानः प्रज्ञा भवन, लेखनाथ वाचनालय कक्ष, कमलादी

समयः दिनको १२ बजे

मितिः २०७६।४।३१ गते शुक्रबार

सम्पर्कः ४१६७५७८ (बागबजार), मोबाइलः ९८६१५८८४५६

Email: jana.news2065@gmail.com

# सिद्धार्थ बैंक संकटको भूमरीमा

## सिद्धार्थको नाम दुरुपयोग

काठमाडौं । नेपाल राष्ट्र बैंकले विग मर्जरको योजना ल्याएपछि यतिबेला बाणिज्य बैंकहरु पाटर्नर खोज्ने मेलो मेसोमा लागेका छन् । राम्रो व्यवस्थापन र जनताको विश्वास जित्न सफल बैंकहरुले त सजिलै राष्ट्र बैंकले तोकेको विग मर्जर योजनामा कठिनपूर्ण ढंगले पार गर्नेछन् भने राष्ट्र बैंक समक्ष फर्जि प्रतिवेदन देखाएर सधैं शेयरधनी ग्राहकहरुलाई झुक्याइरहेको सिद्धार्थ बैंकलाई भने यति बेला संकटको भूमरीले हुत्याइरहेको देखिन्छ ।




सिद्धार्थ बैंकको व्यवस्थापन देखिएको चलाखीपूर्ण गरिएको दुईथरी प्रतिवेदन बनाई राष्ट्र बैंक समक्ष एउटा र आन्तरिक प्रतिवेदन अर्को बनाइ ग्राहक, शेयरधनीलाई झुक्याउँदै आएको अनुमान लगाउने ठाउँहरु प्रशस्त भेटिन्छन् । बेला बेलामा निष्काशन गर्ने शेयरहरु नै पहिला नै सेटिङमा मिलाएर बाँचचुड गर्ने र सर्वसाधारणले शेयर लिन नपाउने गरी व्यवस्थापन गरेको देखिन्छ । किनकी सर्वसाधारणले शेयर प्राप्त गरेपछि प्रतिफल खोज्ने हुँदा आन्तरिक प्रतिवेदन र राष्ट्र बैंकलाई बुझाएको प्रतिवेदन बाहिर आउने डरले सिद्धार्थ बैंकले शेयर निष्काशनमा समेत चलाखीपूर्ण गरी आर्थिक अपचलन गरेको अनुमान सर्वसाधारणहरुको रहेको पाइएको छ ।

यतिबेला शम्भु प्रसाद गौतम सिद्धार्थ बैंकका प्रमुख कार्यकारी अधिकृतको रुपमा रहेका छन् । उनी त्यस बैंकको कार्यकारी प्रमुख भएपनि खराब ऋणमा अर्थात् नेपालको ब्ल्याक लिष्टमा नाम निस्केका व्यापारीहरुसँग उनको साँठगाँठ र दिनचर्या वित्ने गरेको छ । उनलाई बैंकका कर्मचारी, सर्वसाधारण, शाखा कार्यालयका कुनै पनि कर्मचारीले काम पर्दा भेट्न सक्दैनन् भने बैंकको वास्तविकताको बारेमा बुझ्न हाम्रो जन आकाशले बजारमा आएका सिद्धार्थ बैंकको बारेमा बुझ्नलाई फोन गर्न उनको कार्यालय

बाँकी ८ पृष्ठमा

## काभ्रे घाटदेखि देवघाटसम्म पानी जहाज चल्ने

सुरेश कुमार अधिकारी/मोहन पोखरेल

चितवन । "राइनो वाटर इन्टरटेन्टमेन्ट प्रा.लि.ले नारायणी नदीमा पानी जहाज चलाउने भएको छ । करिव ३५ करोडको लगानीमा निर्माण भइरहेको उक्त मिनि पानी जहाज चितवनको काभ्रेघाटदेखि देवघाटसम्म चलाउने निर्णय



भएको प्रा.लि.ले जनाएको छ ।

राइनो इन्टरटेन्टमेन्ट प्रा.लि.का प्रबन्ध निर्देशक रामचन्द्र कँडेलका अनुसार एकपटकमा २०० जना यात्रुलाई सेवा दिने र विहानको ब्रेकफास्ट र लञ्च समेत जहाजमै व्यवस्था गरिनेछ । साँझमा डिनरको व्यवस्था समेत हुनेछ । पानी जहाज दुई तल्लाको हुने र लम्बाई १ सय फिट बाँकी ८ पृष्ठमा

## गृहमन्त्रालय कमजोर
## प्रहरी संगठनदेखि सबै जासुसी संयन्त्र फिक्का

मोहन पोखरेल

काठमाडौं । ओली सरकारका पछिल्ला गतिविधि झन्झन् गतिहीन हुन थालेका छन् । मुलुक संचालन गर्ने तौरतरिका ठिकसँग अगाडि नबढ्दा जनतामा थप निराशा बढ्दै गएको छ । निकट भविष्यमा हुन सक्ने संभावित खतराको पुनमूल्यांकन गर्न पनि यो सरकारले सकेको छैन । सरकारको सबैभन्दा दह्रो संयन्त्र गृहमन्त्रालय विवादमा पर्दा प्रहरी संगठनदेखि यसका सबै जासुसी सन्जालहरु निकम्मा बन्दैछन् । निर्मला हत्याका अपाराधी पत्ता नलगाउने र भविष्यमा पनि यस्ता प्रकारका बलात्कार र हत्या दोहोरिन सक्छन् भन्ने हालैको गृहमन्त्री रामबहादुर थापाको अभिव्यक्तिले प्रहरी संगठन र उसको खुफिया एजेन्सीलाई बदनाम बनाएको छ । गृहमन्त्रीका भनाइले सिंगो सरकारको शिर निहुराउने काम भएको र विद्रोही विप्लब माओवादीको हतियार



मोह पनि सँगसँगै बढ्दै गएकोले कुनै दिन यो मुलुकमा ठुलै किसिमको घटना घटन सक्ने अवस्था देखिएको छ ।

सरकारलाई यतिखेर धेरै अप्ठ्याराहरुले गाँजेको छ । यस्ता अप्ठ्यारा अरु कसैले सिर्जना गरेको छैन । ओली सरकारको अदुरदर्शिपन र हेपाहा मनोवृत्ति नै अप्ठ्यराका कारकतत्व हुन् । यो आफ्नै अदुरदर्शीपनले ल्याएको डरलाग्दो संकेत हो । जव गृहमन्त्रालय नै विवादमा पर्छ या निकम्मा बन्दै जान्छ, त्यतिबेला न्याय हराउँदै जान्छ र मुलुकको फौजदारी कानुन निकम्मा हुन्छ यस्तो अवस्थामा लोकतन्त्र र गणतन्त्रको आयु साँघुरिँदै गएको हुन्छ र जनतामा चरम निराशा पैदा हुन्छ ।

अपराधीलाई कारवाही गर्नुको सट्टा खुलेआम छोड्नु र विप्लव माओवादीलाई वार्तामा ल्याउन नसक्नु, वार्तावार्ता भन्दै झुक्याइरहनु र उसका कार्यकर्ता पक्राउ गर्न नछोड्नु नै सरकारको दिनगन्ती शुरु हुनु हो । सरकारका हरेक मन्त्रालयका गृहमन्त्रालय जसरी नै आआफ्ना लिँढेढिपीमा चलेका छन् । सचिवले मन्त्रीलाई नटेर्ने र मन्त्रीले सचिवले झुक्यायो भन्ने ठाउँ कुठाउँ बोल्दै हिँड्ने

बाँकी ८ पृष्ठमा

## भवन छैन महानगरको, बहालमा कार्यालय

–सञ्चिता घिमिरे

महानगरपालिकाभित्रका घरबाट बहाल कर उठाउँदै आएको काठमाडौं महानगरपालिका आफैं भने बहालको घरमा बस्दै आएको छ । महानगरपालिकाको मुख्य कार्यालयलगायतका केही कार्यालय भाडामा र केही कार्यालय जिल्लास्तरीय विषयगत कार्यालयमा रहेका छन् ।

सबैभन्दा बढी जनसङ्ख्याको बसोबास रहेको कामपा आफ्नै भने भवन छैन । पहिले महानगरपालिकाको कार्यालय रहेको बागदरबार पुनःनिर्माणका लागि गुठी संस्थानले अनुमति नदिएपछि अहिले कामपा आठ ठाउँमा छरिएको छ । कामपाका वडाको भवन निर्माण अघि बढिरहँदा महानगर आफ्नै भने भवन कहिले र कहाँ बन्ने भन्ने टुङ्गो लाग्न सकेको छैन ।

महानगरपालिकाको आफ्नै भवन नहुँदा महाशाखा छरिएको र यसले गर्दा महानगरवासीलाई सेवा लिन गाह्रो भएको प्रवक्ता ईश्वरमान डङ्गोलले बताउनुभयो । महानगरपालिकाभित्र विभिन्न स्थानमा सार्वजनिक जग्गा भए पनि पायक पर्ने ठाउँमा जग्गा नभएकाले भवन निर्माणको योजना नै बनाउन नसकिएको उहाँको भनाइ छ ।

पहिले भवन भएकै स्थान सुन्धारा वा त्यसको आसपास हुँदा यहाँका ३२ वटै वडालाई पायक हुने उहाँको भनाइ छ । उहाँले भन्नुभयो, वडा नम्बर ३१ र ३२ लगायतका केही स्थानमा जग्गा भए पनि सबैलाई पायक नपर्ने हुँदा हामीले भवन निर्माणको योजना बनाएका छैनौं ।




विसं २०७२ को भूकम्पमा बागदरबार क्षतिग्रस्त बनेको थियो । भवन बस्नै नमिल्ने गरेर जीर्ण भएपछि अहिले कतिपय पहिलेका जिल्लास्तरीय कार्यालय र कतिपय भाडाका घर कार्यालय छरिएर रहेको प्रवक्ता डङ्गोलले बताउनुभयो ।

सेवाग्राहीले एउटै कामका लागि तीन/चार ठाउँमा धाउनु परेको गुनासो गरिरहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, एउटा कार्यालयबाट अर्को नजिकसमेत नभएकाले सानो काममा पनि समय लागेको छ ।

सो भवन क्षतिग्रस्त भएपछि कामपाले भवन भत्काएर सोही स्थानमा पुनःनिर्माण गर्ने योजना बनाएको थियो । पुरातत्व विभागले पहिले सो भवन भत्काउन नमिल्ने बताउँदै आएको थियो भने अहिले भत्काए पनि पुरानै स्वरुपमा बाँकी ८ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन। सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ।'- *मोहन कार्की*

## सम्पादकीय

### ३ नं प्रदेशभित्र उठेका प्रश्न

**संघीयता सहितको संविधान जारी गर्न दबाब दिने जनता यतिबेला पछुताउन बाहेक विकल्प छैन। ३ नं. प्रदेशको राजधानीको अस्थायी स्थान नै अपायक पर्ने ठाउँमा राखिएको विषय जनतालाई मन परेको थिएन त्यस माथि ३ नं प्रदेशले गर्ने निर्णयहरु एकपछि अर्को गर्दै निर्मम ढंगबाट प्रदेश सरकार अग्रसर भएपछि रणभूमिमा सरकार रावणको भूमिकामा र ३ नं प्रदेशका जनता रामराज्यको पक्षमा देखिएका छन्।**

**३ नं. प्रदेश सरकारले प्रदेशको राजधानी अपायक पर्ने ठाउँमा सञ्चालन गर्नु नै पहिलो समस्या देखियो। ३ नं. प्रदेश सरकारले यातायातसम्बन्धी बनाएको ऐन र कानून जनविरोधी र कर असुल्ने नियतमात्र राखेर ल्याएको जनताहरुले बुझे। हुन पनि सरकारले यातायात नविकरण, शुल्क, नयाँ दर्ता जस्ता विषयमा भारी कर बृद्धि गरेर जनतालाई आतंकित नै पार्ने ठंगबाट शतप्रतिशतसम्म कर बृद्धि र जरिवाना गर्ने व्यवस्था ल्याउनुले पनि जनतामा त्रास उत्पन्न भएको देखिन्छ।**

**हुँदा हुँदा यातायात व्यवस्था विभागबाट हुँदै आएको स्वीकृति रकिन्डिशन लगायत कामहरु गर्न ३ नं. प्रदेशको राजधानी हेटौंडा पुग्नुपर्ने बाध्यकारी नियम लगायर रिकण्डिशन व्यवसायीलाई चिढाई अर्को समस्या निम्त्याएको छ।**

**३ नं. प्रदेश सरकारले प्रेस स्वतन्त्रताको समेत घाँटी निमोठ्ने गरी ३ नं. प्रदेशमा प्रेसलाई नविकरण गर्न अनिवार्य गर्नेजस्ता प्रावधान अगाडी सारेको छ। नेपालको मुटु मानिने काठमाडौं उपत्यका पनि ३ नं. प्रदेश भित्र पर्दछ र हरेक कामहरु काठमाडौं उपत्यकाबाट सजिलै गर्दै आएका आम सञ्चारकर्मीहरुलाई समेत अप्ठ्यारो पारेर सञ्चारमाध्यमलाई समेत विद्रोह गर्नुपर्ने वातावरण प्रदेश सरकारले निर्माण गर्दैछ।**

**कर्मचारी समायोजनको नाममा ३ नं प्रदेशमा पहुँच र पावरको चलखेलले टाठावाठा राम्रो सुविधायुक्त ठाउँमा र अपाङ्ग जो जागिरको सिलसिलामा दुर्घटनामा परी अपाङ भएका कोही जागिर खाँदाखाँदै विरामी भई अशक्त भएका, सुत्केरी, गर्भवती, दीर्घरोगीहरुलाई विकट र अप्ठयारो ठाउँमा खटाएर विभेद र अन्याय गरेको छ। त्यसभित्र पनि विद्रोहको आगो दन्कँदै गएको छ।**

**३ नं. प्रदेश भित्र कृषि, जडिबुटी पर्यटनको विकास हुने खर्चमा अनियमितता बढेको छ। गाउँपालिका, नगरपालिका, स्थानीय तहमा जनप्रतिनिधिहरुले स्थानीय तहमा सोझै आएको बजेट उनीहरुका छोराछोरीहरुलाई काठमाडौंमा महँगा बोर्डिङ्ग स्कुलमा पढाउने र काठमाडौंमा जग्गा किनेर घर बनाउने साधन बनेको छ।**

**अन्ततः सबैभन्दा ३ नं. प्रदेशको राजधानी हेटौंडामा भएको विषयमा ३ नं प्रदेशका जनताको बढी आक्रोश भइरहेको देखिन्छ। यो महत्वपूर्ण विषयलाई समयमा नै ३ नं. प्रदशको राजधानी बेलैमा सबैलाई पायक पर्ने ठाउँमा काय्रेमा नसारे यसले भोलि विद्रोहको ठुलो राँको बाल्न सक्छ। त्यसकारण यो समस्यालाई बेलैमा समाधान गर्नु बुद्धिमानी होला कि ?**

# आशा र निराशाकाबीच पूर्वराजा ज्ञानेन्द्र

**मोहन पोखरेल**

***कुटनीतिक चातुर्यता विना भड्खालोमा परेको देशलाई बाहिर निकाल्न सकिँदैन। थोरै बोल्ने, अरुको कुरा चाखपूर्वक सुन्ने अनावश्यक अरुलाई लालछना नलगाउने, गाली नगर्ने र हाँसी खुशीका साथ समस्याको समाधान गर्ने काम नै अशल कुटनीतिक चरित्र हो। हाम्रो देशमा अशल चरित्र भएका, कुटनीतिक माध्यमबाट मुलुकको समस्या समाधान गर्न सक्ने र गर्दै आएका व्यक्तिहरुमा पृथ्वीनारायण शाह, राजा महेन्द्र, राजा वीरेन्द्र, वि.पी. कोइराला, कृष्णप्रसाद भट्टराई र मनमोहन अधिकारीको नाम लिइन्छ। यस्ता व्यक्तित्वलाई नेपाली जनताले अशल राजनेता र अशल कुटनीतिको रुपमा स्मरण गरिरहनेछन्।***



भन्ने गरिन्छ कि कुटनीतिको अर्थ राम्रोसँग बुझिएन र त्यसलाई संचालन गर्न जानिएन भने मुलुक बर्वाद हुन्छ। राष्ट्रियता माथि धावा बोलिन्छ। यस्तो अवस्थामा मुलुकको प्रजातन्त्र, गणतन्त्र र संवैधानिक निकायहरुको अर्थ अत्यन्त गौण हुन्छ। यस्तो डरलाग्दो अवस्थामा राष्ट्र बचाउनु बाहेक हामीसँग अरु कुनै विकल्प हुँदैन। राष्ट्र र राष्ट्रियता हामी नेपालीको प्राण हो। लोकतन्त्र, प्रजातन्त्र र गणतन्त्र राष्ट्र रहे मात्र रहने पद्धति हुन्। त्यसकारण राष्ट्रको संकटको यस घडीमा फेरी एकपटक राष्ट्रप्रेमी नेपालीहरु राष्ट्रियताको महत्वपूर्ण लडाइमा राष्ट्रिय झण्डा मुनि एकाकार हुनु नै अहिलेको वास्तविकता हो।

प्रजातन्त्रवादी नेता वि.पी. कोइरालाले भन्ने गर्नुहुन्थ्यो- राजा जति सुकै निरंकुश भएपनि आफ्नो राजगद्दीको सुरक्षाकालागि राष्ट्रलाई माया गर्ने राष्ट्रवादी चिन्तन बोकेका व्यक्ति हुन्। त्यसैले राष्ट्रियता र प्रजातन्त्रको सवालमा राजा र मेरो घाँटी जोडिएको छ भन्नु हुन्थ्यो विपी कोइराला। नेपाली काँग्रेसका नेता वि.पी. कुटनीतिलाई राम्रोसँग सञ्चालन गर्ने र मित्र राष्ट्रहरुसँगको सम्बन्धलाई दह्रोसँग अगाडि बढाउन सक्ने खालका अशल राजनेता हुनुहुन्थ्यो। राष्ट्र संकटमा परेका बेला पुनः उहाँको विचार र उहाँले खेलेका कुटनीतिले नेपाल राष्ट्रको सम्बन्ध छिमेकी देशमा कस्तो किसिमले अगाडि बढेको थियो स्मरण गरी अगाडी बढ्नु बाहेक हामीसँग अरु कुनै बाटो छैन। किनकी हामी सबै नेपाली, हाम्रो देश र हाम्रो राष्ट्रियता बाटो हराएको बटुवाजस्तो चौबाटोमा अलमलिएको छ।

कुटीतिक चातुर्यता बिना भड्खालोमा परेको देशलाई बाहिर निकाल्न सकिँदैन। थोरै बोल्ने, अरुको कुरा चाखपूर्वक सुन्ने अनावश्यक अरुलाई लालछना नलगाउने, गाली नगर्ने र हाँसी खुशीका साथ समस्याको समाधान गर्ने काम नै अशल कुटनीतिक चरित्र हो। हाम्रो देशमा अशल चरित्र भएका, कुटनीतिक माध्यमबाट मुलुकको समस्या समाधान गर्न सक्ने र गर्दै आएका व्यक्तिहरुमा पृथ्वीनारायण शाह, राजा महेन्द्र, राजा वीरेन्द्र, वि.पी. कोइराला, कृष्णप्रसाद भट्टराई र मनमोहन अधिकारीको नाम लिइन्छ। यस्ता व्यक्तित्वलाई नेपाली जनताले अशल राजनेता र अशल कुटनीतिको रुपमा स्मरण गरिरहेका छन्।

पछिल्लो समय अर्थात् राजसंस्था समाप्त भएपछिका १२ वर्षमा पूर्व राजा ज्ञानेन्द्र शाहको कुटनीतिक चरित्र निकै राम्रो भएको आँकलन गर्न सकिन्छ। "राजा" ज्ञानेन्द्रले राजगद्दी छाडेपछिका दिनहरु निकै कहालीलाग्दा देखिएका छन्। "विना मियोको दाइ" जस्तै भएको हाम्रो देशमा पूर्व राजा शाहले मातृभूमि नेपालको राष्ट्रियता र त्यसलाई संरक्षण र सम्बर्द्धन गर्नका लागि अन्तर्राष्ट्रिय जगतमा खेलेको कुटनीति निकै महत्वपूर्ण रहेको छ।



२४० वर्ष सम्मको त्यत्रो राजपाठ नष्ट भएपछि पनि पूर्व राजा ज्ञानेन्द्र जनताको विचमा हाँसी-हाँसी हिड्नु भएको छ। राजदरबार र राजपरिवारको मातहतमा रहेका सम्पत्तिहरु वर्तमान सरकारले नेपाल ट्रष्टमा ल्याउने काम भएपछि पनि ज्ञानेन्द्रको मुखमा चमक हराएको छैन। विना सुरक्षा अर्थात आफ्ना साथमा रहेका सीमित सुरक्षाकर्मी लिएर जनताको विचमा जानुलाई "राजा" को कुटनीतिक चातुर्यतालाई नजिकबाट नियाल्न सकिन्छ। महाराजाधिराजबाट पदच्युत भइसक्दा पनि "राजा" ज्ञानेन्द्र मित्र राष्ट्र भारत, चीनलगायत अन्य राष्ट्रका राष्ट्राध्यक्ष, कुटनीतिक नियोगका अधिकारीहरु, खुफिया एजेन्सीका महत्वपूर्ण निकायहरुमा सम्बन्ध स्थापित गर्न सफल भएको दृष्टान्त छ। मुलुकका पछिल्ला घटनाक्रमबाट पूर्व राजा ज्ञानेन्द्र चिन्तित हुनुहुन्छ। "राजा" ज्ञानेन्द्रलाई पिरैपिर चिन्तैचिन्ता अवश्य छ। आफ्ना पूर्वजहरुले एक सूत्रमा बाँधेको सार्वभौम नेपाललाई गणतन्त्रका नाममा क्षतविक्षत पार्दै र हिन्दु राष्ट्रको पहिचान बोकेको मुलुकलाई "एसिया प्यासेफिक समिट" को सम्मेलनबाट मुलुकलाई थप क्रिश्चियनमय बनाउने प्रयास भएकोमा "राजा" ज्ञानेन्द्र चिन्तित हुनुहुन्छ। तर चिन्तित अवस्थालाई मुटुभित्र कैद गर्दै मुटुभित्र ढुंगा राख्दै जनताको माझमा दुःख साट्दै हिँड्नु भएको छ।

१२ वर्षको गणतन्त्रकालिन युगमा "राजा" ज्ञानेन्द्रले जनताबाट धेरै आत्मियता पाइसक्नु भएको छ। लोकतान्त्रिक गणतन्त्रको आदर्श छाँट्दै र यसै पद्धतिलाई महान उपलब्धी भन्दै जनता र देशको उछिनो काढ्ने काम तिब्र गतिमा बढिरहेकै बेला छिमेकी मुलुक भारतमा उत्पादन भएका विषादी तरकारीहरु विना चेकजाँच नेपाल भित्र्याउने काम सरकारले गरिरहँदा जनताले शास्ती बेहोर्नु परेको छ। भान्सामा धमाधम विष प्रवेश गरेको छ। प्रधानमन्त्री केपी ओली लाचार छन्। सचिवहरुले आफूलाई गुमराहमा राखेको भन्दै आफू चोखिने प्रयास गरेका छन्। सरकार छिमेकी सामु निरिह बन्दा नेपालको अन्तर्राष्ट्रिय बेइज्जत भएको छ।

कुटनीतिमा अति नै फितलो भइदिँदा मित्र राष्ट्रहरबाट आउन लागेको आर्थिक सहयोग पनि गुम्ने अवस्थामा छ। रेल, पानी जहाज आदी सपनाका खेल भएका छन्। हालसालै नेपालमा चलाउने रेललाई सम्झौता भएअनुसार चिन सरकारले स्थगन गरेको छ। काम भन्दा हल्ला बढी भएको भन्दै चिनले रेल मार्गलाई पेन्डुलममा राखिरहँदा यहाँका नेता तथा सरकारको कुटनीतिक असमर्थतालाई स्पष्टसँग अर्थ्याउँदछ।

र, अन्त्यमा १२ वर्ष कुकुरको पुच्छर ढुंग्रोमा हालेपनि जस्ताको तस्तै भने झैं ३० वर्ष सम्म ढुंग्रोमा कोच्दा पनि हाम्रा नेताको पुच्छर कहिल्यै सोझो भएन। बहुदलीय प्रणाली शुरु भएको ३० वर्ष भयो। यसलाई आन्दोलनका माध्यमबाट थप परिमार्जित गर्दै उपलब्धीका नाममा मुलुकले धान्नै नसक्ने किसिमको खर्चिलो पद्धति संघीय प्रणाली लागु गरियो। ७ प्रदेश बनाएर मुलुकलाई क्षतबिक्षत बनाइयो। कुटनीतिक असमर्थताले गर्दा छिमेकी राष्ट्रसँगको सम्बन्ध बिग्रिदै गएको छ।

यसैकारण मुलुकलाई थप बिग्रन नदिनका लागि शाहवंशीय पूर्वजहरु जस्ता राष्ट्रप्रेमी व्यक्तित्वहरु राष्ट्रले खोजेको छ। असफल राष्ट्रबाट बचाउनको लागि राष्ट्रप्रेमी नेपालीहरु अब एकजुट हुनु बाहेक अरु कुनै उपाय छैन।

# महानिरीक्षक खनालबाट विपद् व्यवस्थापन तालिम उद्घाटन

काठमाडौं। सशस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्र खनालले सशस्त्र प्रहरी बल, नेपालका सिनियर अधिकृतहरु प्रशिक्षार्थीको रुपमा सहभागि रहेको सि.सं. ३२ विपद् व्यवस्थापन तालीमको हिजो सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटार चितवनमा एक कार्यक्रमका बीच उद्घाटन गर्नुभयो।

सशस्त्र प्रहरी महानिरीक्षक खनालले त्यसअवसरमा सशस्त्र प्रहरी बल, नेपालले विपद् व्यवस्थापनका क्षेत्रमा विभिन्न सरकारी एवं गैरसरकारी निकायहरु संग उच्चस्तरको समन्वय गर्दै उत्कृष्ट कार्यसम्पादनको लागि कृयाशिल रहेको बताउनुभयो।

उहाँले विपद् व्यवस्थापनको क्षेत्रमा पेशागत दक्ष जनशक्ति उत्पादनमा उत्कृष्ट योगदान पु्याएको सो शिक्षालयबाट उत्पादित दक्ष सशस्त्र प्रहरी कर्मचारीहरुले देशका विभिन्न स्थानमा भएका विपद्का घटनाहरुमा खोज तथा उद्धार कार्यमा निर्वाह गरेको अग्रणी भूमीका प्रसंसनीय रहेको कुरा समेत उल्लेख गर्नुभयो।



विगतको भूकम्पबाट भएको क्षति तथा उद्धार कार्यमा सशस्त्र प्रहरी कर्मचारीको सकृयता स्मरण गर्नुहुँदै सशस्त्र प्रहरी महानिरीक्षक खनालले विपद् व्यवस्थापन तालीम प्राप्त दक्ष जनशक्ति उत्पादन गर्दै अगाडी बढेको सशस्त्र प्रहरी बल, नेपालले विपद्का बेला पु्याएको योगदानले पीडित नागरीकको जीवनरक्षामा योगदान पुग्नुका साथै जनताको मन जित्न सफल भएको बताउनुभयो।

कहि कतै विपद् प्रकोप भएका सहयोगतको लागि सशस्त्र प्रहरी बल, नेपाललाई सम्झने विश्वासको वातावरण बनाउन संगठनका उद्धारकर्मीहरु सफल रहेको चर्चा गर्नुहुँदै सशस्त्र प्रहरी महानिरीक्षक खनालले भन्नुभयो -'यो संगठनको ठूलो उपलब्धी हो।'

विपद् व्यवस्थापनका लागि अधिक ज्ञान तथा कला कौशलको आवश्यकता पर्ने बताउनुहुँदै उहाँले उद्धार कार्य अत्यन्तै संवेदनशिल, जोखिमयुक्त तथा कठिन कार्य भएकोले उद्धारकर्तामा उच्चस्तरको शारीरिक तथा मानसिक दक्षता अपरिहार्य हुने कुरा समेत उल्लेख गर्नुभयो।

कार्यक्रममा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक रामशरण पौडेलले धन्यवाद ज्ञापनको क्रममा विपद् व्यवस्थापनको क्षेत्रमा उत्कृष्ट योगदान पु्याउन यस्ता तालिम फलदायि रहने बताउनुहुँदै प्रशिक्षार्थीहरुले तालिमको दौरानमा बढि भन्दा बढि ज्ञान आर्जन गर्न प्रयास गर्दै कार्यक्षेत्रमा उत्कृष्ट कार्य गर्नुपर्ने बताउनुभयो।

उक्त तालिम शिक्षालयका समादेशक सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक किशोर प्रधानले तालिम सम्बन्धि योजना प्रस्तुत गर्नुहुँदै तालिमको दौरानमा प्रशिक्षार्थीहरुलाई विपद् व्यवस्थापनका विविध पक्षहरुमा उच्चस्तरको प्रशिक्षण दिइने बताउनुभयो।

उक्त तालिममा सशस्त्र प्रहरी नायब उपरीक्षक ६ जना तथा सशस्त्र प्रहरी निरीक्षक १८ जना गरी कुल २४ जना प्रशिक्षार्थीहरुको सहभागिता रहेको छ।

# कर अवज्ञा गर्नेसम्मको हाम्रो तयारी छ



**दिनेश महत**
**महासचिव, नेपाल अटोमोबाइल रिकण्डिनश व्यवसायी संघ**

नुवाकोटको पञ्चकन्या गाउपालिका वाडन १ मा जन्मिनु भएका दिनेश महत झण्डै एक दशक देखि अटो क्षेत्रको रिकण्डिशन व्यवसायमा आवद्धछन् कुनैवेला बैदेशिक रोजगारमा गएर मार्षिक ५० सौ हजार आम्दानी गरिरहेका महतलाइ ३ बर्षको बिदेश बसाइ राम्रै फापे पनि आफ्नै देशमा फर्केर एउटा स्वाभिमानी नागरिकले देशको लागि कत्व्य निर्वाह गर्नुपर्छ भन्ने भावना जागेको हुनाले नै स्वदेशमा फर्केर काम गरेको बताउछन् । ३ बर्ष सम्म वर्कशपमा काम गरेर त्यसपछि आफ्नै व्यवसाय शुरु गरेका महतको एतिवेला एस एण्ड एस वाइक वर्कशप राम्रै चलेको छ भन्छन् । उनि यतिवेला वाइक व्यवसायी भए पनि सितेरियो कराते खेलाडी तथा प्रशिक्षक समेत हुन । २०५५ सालमा नै बालाजु डो एकेडेमी बाट बल्याकबेल्ट लिएका महत अन्तराष्ट्रिय AKF रेफ्री समेत भइसकेका छन् । उज्वेकिस्तानको तास्केनमा भएको १६ औ सिनियर एसियन च्यामपियनसिप कराते प्रतियोगितामा सहभागि भइ जर्ज बि वाट परिक्षा पास गरी जर्ज ए मा सफल भइसकेका रेफ्री हुन् । भने नेपाल अटोमोवाइल रिकन्डीशन व्यवसायी संघका महासचीव रहेका छन् यतिवेला ३ न. प्रदेश सरकारले यातयात सम्वन्धि ल्याएको नयाँ ऐनलाइ लिएर अटो व्यवसायीहरु बिरोधमा उत्रिएका छन् । बिरोध गर्नुको औचित्यको बारेमा महासचीव सँग गरेको कुराकानीको सारसंक्षेप यस प्रकार छ ।

**अहिले नेपाल अटोमोवाइल रिकन्डीशन व्यवसायी संघले ३ न प्रदेश सरकारले गरेको निर्णय प्रति तपाइहरुको बिरोध किन ?**

धन्यवाद प्रश्नको लागि पत्रकार मित्रलाइ साथै अटो मोवाइल क्षेत्रका चालकहरु अन्य क्षेत्रका सवैमा नेपाल अटोमोवाइल रिकन्डीशन व्यवसायी संघको महासचीवको हैशियतवाट सवैमा नमस्कार

अहिले ३ प्रदेश सरकारले गरेको निर्णय प्रति रिकन्डीशन व्यवसायी आपति जनाउदछ । त्यो किनभने विना जानकारी सतप्रतिशत जरिवाना गर्ने प्रचलन विश्वको कुनै देशमा छ जस्तो मलाइ लाग्दैन । त्यसकारण जनतासँग जर्वजस्ती कर असुल्ने र व्यवसायीहरुलाइ दुखः दिने नियत यसमा प्रष्ट पायौ त्यसकारण बिरोध गरेका हौ । हामीले पत्रकार सम्मेलन गरेर सार्वजानिक गरिसकेका छौ । यो विषयलाइ भोलिका दिनमा सरकारले कसरी लिन्छ , जनताले कसरी बुझ्छन् बुझिरहेका पनि होलान् हाम्रो रिकन्डीशन व्यवसायी संघले बौद्धिक बिरोध गरिरहेका छौ । छलफलमा बसेका छौ । सुझाबहरु दिएका छौँ । ति सुझावहरुलाइ वेवास्ता गरेमा हामी कर अवज्ञा सम्म गर्न बाध्य हुने छौ ।

सरकारले ल्याएका समस्याहरु व्यवसायीलाइ एक्कासी भ्याटमा जानुपर्ने नियम जो कि आन्तारिक राजश्व, बाणिज्य बिभाग निकायहरुले भ्याट प्यानको बिषय हेर्छ याहात प्रदेश यातयातले अनिवार्य सानाठुला सवैलाइ एउटै टोकरीमा राखेर ऐन लागु गर्न खोज्यो जो कि साना साना व्यवसायी गरिरहेका आफ्नो सीप बेचेर बिहान बेलुका छाक टार्नेहरुलाइ अनिवार्य भ्याटमा जा भन्नुको अर्थ सीप भएका स्वरोजगारहरुलाइ प्रदेश सरकारले देश छोडेर जा भन्न खोजेको जस्तो व्यवहार गऱ्यो ।त्यो हाम्रो लागि मान्य विषय होइन।

अर्को कुरा जवकी ८० प्रतिशत दुइपाग्रे मोटरसाइकलको व्यापार काठमाडौ, भक्तपुर, ललितपुरमा ह्न्छ अनि रङग लगाउन प्रदेशको अस्थाइ राजधानी हेटौडा जा भन्छ । प्रदेशका राजधानी लगेर कुनातिर राख्छ अनि राजव्श उठाउने सपना देख्छ यो कुरा कसरी मिल्छ । यदी सरकारले धेरैभन्दा धेरै राजश्व संकलन गर्ने हो भने ३ न. प्रदेशको राजाधानी १३ वटै जिल्लालाइ पाएक पर्ने ठाउमा सार्नुपर्छ ।अहिले हेर्नुसत पहिला ललितपुरको यातायात व्यवस्था बिभागमा भैइरहेको काम अहिले सतुङगलमा सार्दा भद्रगोल भएर त्याहा सम्मत मान्छे जादैनान् भने हेटौडामा स्वकृति लिन को जाला ? व्यवसायीले भन्न थालिसके हेटौडामा पुगेर रङग फेर्ने, कर तिर्नु पर्ने अवस्था आयो भने हामी यो सरकारको कानुनलाइ नै वेवास्ता गरेर जान्छु भनिसके यस्तो अवस्था आउनु भनेको निक्कै डरलाग्दो अवस्था हो । जवकी मैले आफ्नो देशको लागि जिम्मेवार नागरिक बन्नुपर्छ भनेर मकाउ जस्तो ठाउमा ५० हजारभन्दा बढी कमाइ गरिरहेको व्याक्ति देशको लागि सीप सिकेर काम गर्छु भन्दा यो प्रदेश सरकारले दुखः दिन्छ भने म जस्तै हजारौ सीप भएका नेपालीहरुले के सोचिरहेका होलान् ।

**तपाइको बैदेशिक रोजगारको र व्यवसायको अनुभव बताइदिनुसन् ?**

एउटा नागरिकले जिम्मेवार भएर सोच्नुपर्छ भन्ने लागेर मैले त्यतिवेला २००७ मा मकाउको होटल भेनसमा सेक्यूरिटी अफिसरको रुपमा काम गर्न गएको थिए त्यो होटल विश्वको टपटेन र एसियाको ठुलो क्यासिनो हो त्याहा त्यतिवेला मेरो तलव ७० हजार नेपाली रहेको थियो अहिलेसम्म त्याहा मसँग काम गरिरहेका साथिहरुको मार्षिक २ लाँख सम्म तलव खान थालिसकेका छन् । तर मलाइ चै पैशा भन्दा देशको जिम्मेवार नागरिक बन्नुपर्छ भन्ने सोच आयो साथै जुन देशमा जन्म्यो त्यही देशको लागि काम गर्नुपर्छ भनि नेपाल फर्के साथीकोमा ३ वर्ष काम सिके र आफ्नै व्यवसाय शुरु गरेर राज्यलाइ तिर्नुपर्ने कर तिदै आए अहिले दुखः लाग्छ ब्यथै त्यति राम्रो जागिर छोडेर आएको जस्तो । तर त्यस्तो होइन समस्या आयो भनेर देशवाट भाग्ने होइन समस्याको डटेर सामना गर्नुपर्छ । अहिलेको राजनीतिक अवस्थाले गर्दा देशमा कोहि पनि सन्तुष्ट छैनान । अटो व्यवसायमा त बागमतिमा मात्र १७ लाख दुइ पाग्रे सवारी साधन छन् । त्यसमा कसले कर तिऱ्यो तिरेन भन्ने लेखा जोखा नै छैन । यसलाइ यही क्षेत्रका विज्ञ व्यवसायीहरुसँग छलफल गर्नुको सट्टा आफ्नै ढङगले सरकार नियम कानुन बनाउदै स्विकृति लिन हेटौडा जा भन्छ कसरी मिल्छ भएको सवारी साधनलाइ व्यवस्थापन गर्नुपऱ्यो, तथ्याङक राख्नुपऱ्यो, राज्यलाइ कर तिर्न सवैलाइ पाएक पर्ने ठाउमा सहज वातावरण बनाउनु पऱ्यो । हामी जिम्मेवार नागरिकले कर तिदैनौ भनेका छैनौ । तर कर तिर्न दुइदिन लगाएर जानुपर्ने जवकी साउन १ गतेवाट लागु भएको भनेर हामीलाइ भरखर थाहा हुदैछ उपल्लो रसुवा, रामेछाप दुरदराजमा वस्ने मानिसहरुले कहिले थाहा पाउने र त्यो रामेछाप, रसुवाको मान्छे काठमाडौ त टाढा भयो भनेर कर तिर्न बषौ लगाएर आउछ भने हेटौडा कसरी जान्छ त्यसैले सरकारले राजधानी राख्ने बिषयमा पहिला नै सोच बिचार गर्नु पर्थ्यो १३ वटै जिल्लालाइ पायक पर्ने गरी अस्थाइ राजधानी तोक्नु पर्थ्यो अहिले पनि केहि बिग्रेको छैन स्थाइ राजधानी पाएक पर्ने ठाउमा सार्नुपर्छ ।

**सरकारले यि विषयमा गुनासो नसुनि अगाडी बढ्यो भने तपाइहरु के गर्नुहुन्छ ?**

३ न. प्रदेशले आफ्नो प्रदेशलाइ तल लानेकी माथि लाने यदि सरकारले राजश्व संकलन गरेर प्रदेशको बिकाश गर्ने हो भने जनतालाइ सवारी चालक अटो व्यवसायीलाइ सहज वातावरण बनाइ दिनुपर्छ होइन हेटौडा मै जानुपर्छ भने त्यसको घाटा हामी व्यवसायी र जनतालाइ मात्र होइन ३ न. प्रदेशका सम्वन्धित निकायलाइ पनि हो र सम्पुर्ण नेपाली जनतालाइ हो ।जुन राजश्व बढनुको साटो घट्छ भने राज्यले जुन निर्णय गऱ्यो त्यसको बारेमा सम्पुर्ण नेपालीले सोच्नु पऱ्यो यो देशमा काम भन्दा कुरा बढी हुन्छ । त्यो पहिला नै सोच्नु पर्ने थियो । त्यो सोचेको देखिएन ।


**अन्तमा केही छुटेका**

जन आकाश मिडियाले हाम्रो भनाइलाइ जनता सम्म पुऱ्याउदै छ, हाम्रो रिकन्डीशन व्यवसायी आभार व्याक्त गर्दछौ ।

यो अहिले आएको समस्या हामी व्यवसायीलाइ मात्र होइन ३ न. प्रदेशका सवै जनता र झण्डै १० लाख मोटरसाइकल चढ्छन् ति सवैको समस्या हो । यसलाइ भोलि जनताले कसरी सोचलान् त्यो आफ्नो ठाउमा रहयो भने ३ न प्रदेश सरकारले ल्याएका ऐन कानुनहरु जनमुखी छैनान् त्यसलाइ तुरुन्तै संशोधन गरेर, परिमार्जन गरेर टाइम दिएर सुचना दिएर सवैलाइ पाएक पर्ने ठाउमा सहजीकरण गरेर व्यवसायीलाइ प्रोत्साहन गर्नुपर्छ भन्ने मेरो सुझाव रहेको छ ।

# “बालश्रमको प्रयोग हुन नदिन हामी कटिबद्ध छौं”

**राज गोविन्द शिल्पकार गैह्र सरकारी संस्था दियालो परिवार नारायणगढको कार्यकारी निर्देशक हुन् । सोसियल साइन्समा वि.ए. पास गरेका शिल्पकारले पाटन बहुमुखी क्याम्पसमा अध्ययन गरेका हुन् । नारायणगढस्थित बालकुमारी मा.वि.बाट एसएलसी पास गरेका उनले ०४४।०५४ मा दियालो परिवारको कोषाध्यक्ष र ०४६।०४७ मा पब्लिक रेलेशन अफिसर र ०४७।०४८ मा अध्यक्ष भई कार्यभार सम्हालिसकेका छन् । ०६० देखि ०६१ र त्यसपछि ०७२ देखि ०७३ सम्म संस्थाको कार्यकारी निर्देशक भइसकेका उनी हालमा पनि कार्यकारी निर्देशकमा कार्यरत छन् । यस अगाडि पनि उनी एनजीओ फेडेरेशनको क्षेत्रीय उपाध्यक्षका साथै सन् १९९७ सेप्टेम्बर देखि सन् २००२ डिसेम्बरसम्म बंगलादेशमा अन्तर्राष्ट्रिय स्वयम् सेवकको रुपमा कार्यरत थिए । ०५१ देखि ०५४ सम्म युएनडीपी र समाज कल्याण परिषद्को सहयोगमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्वयम् सेवकको रुपमा काम गरेका राज गोविन्द शिल्पकारसँग जनआकाश साप्ताहिकका तर्फबाट पत्रकार मोहन पोखरेलले गरेको विशेष सम्वाद यहाँ प्रस्तुत गरिएको छ ।**




**राज गोविन्द शिल्पकार**
**कार्यकारी निर्देशक, दियालो परिवार**

**० तपाई दियालो परिवार नामको गैह्र सरकारी संस्थासँग आबद्ध हुनुहुन्छ, बालबालिकाको संरक्षण, सम्बर्द्धन र उत्थानमा कसरी काम गर्नुभएको छ ?**

०४३ देखि नै बालबालिकाको उत्थानमा सक्रिय भएर आइराखेको छु । यूनिसेफको सहयोगमा जोखिममा परेका बाल बालिकाहरुको संरक्षण र संबर्धन गर्ने काम हुँदै आएको छ । बालश्रमको प्रयोग हुन नदिन हामी कटिबद्ध छौं । बालबालिकाको उत्थान र बालश्रमको न्यूनीकरण गर्न हाम्रो संस्थाले चितवन महोत्सवका बेला होस् या उद्योग बाणिज्य संघमा भएका कार्यक्रममा बालहितका लागि गोष्टी, सेमिनार गर्दै आएका छौं । दियालो हेल्पलाइन सञ्चालन गरेका छौं र यसबाट धेरै मद्धत पुग्ने मैले अपेक्षा गरेको छु ।

**० तपाई एउटा एनजीओमा कार्यरत हुनुहुन्छ बाल बालिकाको हितका लागि आइएनजीओबाट पनि थप फण्डको व्यवस्था गर्नुभएको छ ?**

भएको छैन । इच्छापत्र जाहेर गरेपछि मात्र दातृ संस्थाले रकम दिने कुरा हो । हाम्रो संस्थाको डकुमेन्टका आधारबाट मात्र संभव हुन्छ । अहिलेलाई हामीले यस्तो अन्तर्राष्ट्रिय फण्ड जम्मा गरेको छैनौ । आफ्नै संस्थाको कार्यकुशलताबाट हामी चलिरहेका छौं ।

**० संस्था चलाउने अरु माध्यम के के होलान् ?**

समुदायमा आधारित संस्था भएकाले विवाह, ब्रतबन्ध जस्ता शुभ कार्यका लागि हल उपलब्ध गराउने र त्यसबाट जम्मा भएको रकमबाट संस्था चलाउने काम भएको छ । यसको अलावा नविकरण शुल्क, रजिष्ट्रेशन शुल्क स्वेच्छिक सहयोग रकम, दातृ संस्थाबाट कार्यक्रम भएका बखत उपलब्ध हुने सहयोगी रकम, आदी नै संस्था चलाउने माध्यम हुन् ।

**० संस्था चलाएर बचेको रकमले के गर्नुहुन्छ ?**

आम्दानीरहीत संस्था भएकोले दैनिक रकम संचित भएको छैन ।

**० एनजीओहरु जमुखी हुँदैनन् भनिन्छ नि, के भन्नुहुन्छ ?**

समुदायमा आधारित संस्था भएकाले यो जनमुखी संस्था हो । यो संस्थाबाट बालबालिका हुन् या अरु कोही कुनै पनि उत्पिडनमा पर्दैनन् । तपाइले जनमुखी हुँदैन भन्ने सवाल उठाउनुभयो, यसमा म के भन्न चाहन्छु भने माडिको बनकट्टा, बड्वा गाउँपालिकाका केही वडाहरुमा क्षमता विकास कार्यक्रम, महिलाहरुको आयआर्जन, निमुखा वर्गहरुको उत्थान, दलित वर्गको उत्थान, बाखा पालन, खोर निर्माण, सहकारी विकास, उद्यमको विकास गरिएको छ । माडी र चण्डी भञ्ज्याङका लागि सहकारीका माध्यमबाट ऋण प्रवाह भइरहेको छ । मुगलिङमा समुदायबाट उत्पादित खसी बोका यसै संस्थाको ऋण प्रवाहबाट चलेका छन् । खास कुरो के भन्नु हुन्छ भने चेपाङ समुदाय दियालो परिवारको लक्षित वर्ग हो । चेपाङ तथा अन्य दलित वर्गका लागि हेल्पर इन्टर नेशनल नेपालको सहयोगमा रु. १५ हजारका दरले दियालोले वितरण गरेको छ ।

**० यी बाहेक अझ महत्वपूर्ण कामहरु के के गर्नुभयो ?**

आइएलओ र आइपेटको सहयोगमा सडक बालबालिकाको उद्धार गरेका छौं र तिनीहरुको व्यवस्थापन गरेका छौं । युनिसेफ नेपालले पनि आर्थिक सहयोग गरेको छ । सडक बालबालिकाको लागि सामाजिकीकरण अभिवृद्धि र ०६५ सालदेखि भरतपुर महानगर भित्र बालबालिकाका लागि आर्थिक सहयोग भइरहेको छ । बालश्रमिक न्यूनीकरण कार्यक्रम बाल हेल्प लाइन १०९८ को टोलफ्रि नम्बरको माध्यमबाट अनाथ, यौनहिंसा र अलपत्र अवस्थामा परेकाहरुका लागि संस्थाले लगानी गरेको छ ।

गरिबी निवारणका लागि परिवर्तनशील कार्यक्रम अन्तर्गत सिन्धुली जिल्लामा खानेपानी तथा सरसफाईका कार्यक्रममा दियालोले उल्लेखनीय लगानी गरेको छ । पिपलमाडी, महेन्द्रझाडी, हरिहरपुर, शान्ति सेसोर र थाङसाङमा यस्ता कार्यक्रम लागु भएका छन् ।

**० दियालो परिवार नाफामुखी भएको छ कि ?**

यो नाफारहीत संस्था हो । सामाजिक क्षेत्रमा लागि परेको संस्था हो ।

**० धेरै एनजीओहरु क्रिश्चियनमुखी भएको मिडियामा आइरहेको छ, होइन भने स्पष्ट आधार के छ ?**

कतिपय एनजीओहरु क्रिश्चियनमुखी होलान्, तर हाम्रो दियालो परिवार क्रिश्यिनमुखी छैन । यस संस्थामा पारिवारिक स्वार्थ छैन ।

**० सरकारबाट संस्थालाई धेरै सहयोग आएको छ भनिन्छ नि ?**

केन्द्रीय सरकारबाट अनुदान आएको छैन । र कुनै सहयोग पनि छैन ।

**० राज्यको निर्देशक सिद्धान्तसँग सन्तुष्ट हुनुहुन्छ ?**

केन्द्रीयस्तरबाट बनाएका नीति नियमहरु त्यति लाभदायक नभएपनि सबै संस्थाका लागि सरकारी दृष्टिकोण फरक फरक खालको हुनुपर्छ भन्ने मेरो मान्यता हो ।

# सिटिजन्स बैंकको सहायक प्रमुख कार्यकारी अधिकृतमा चारजना नियुक्त

काठमाडौं । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले हालका प्रमुख कर्जा अधिकृत सुमित बाबु खत्री, प्रमुख संचालन अधिकृत पारस कुमार काफ्ले, प्रमुख जोखिम अधिकृत राजेन्द्र लाल श्रेष्ठ र प्रमुख प्रशासकीय अधिकृत उमंग शर्मा लाई कार्तिक १ गतेबाट लागु हुने गरी यस बैंकको सहायक प्रमुख कार्यकारी अधिकृतमा नियुक्त गरेको छ । बैंकको स्थापनाकाल देखिनै आबद्ध चारै जनाले विभिन्न ओहदामा रहि नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको बैंकले जनाएको छ ।'भित्र सिस्टम र बाहिर इमेज' को नारालाई आत्मसाथ गर्दै आएका बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले बैंकिङ्ग क्षेत्रमा रहेको उहाँहरुको लामो अनुभवले बैंकलाई थप उचाइमा लैजाने विश्वास व्यक्त गरे ।

करिव १९ वर्षको बैंकिङ्ग अनुभव भएका सुमित बाबु खत्रीले १५ वर्ष कर्जा विभागको विभिन्न ओहदामा रही कार्यसम्पादन गरि सकेका छन् । १९ वर्षको



बैंकिङ्ग अनुभव भएका पारस कुमार काफ्ले विभिन्न ओहदामा रही बैंकिङ्ग सेवा प्रवाह गरिसकेका छन् ।

शाखाको संचालन तथा व्यवस्थापन, निति नियमको अनुपालन, संस्थागत कर्जा तथा एस.एम.ई. कर्जा जस्तो क्षेत्रमा अब्बल रहेका काफ्ले हाल प्रमुख संचालन अधिकृतको रूपमा कार्यसम्पादन गर्दै आएका छन् । करिव १९ वर्ष देखि बैंकिङ्ग क्षेत्रमा कार्यकुशलता प्रदर्शन गर्दै आएका राजेन्द्र लाल श्रेष्ठले विभिन्न ओहदामा रही कार्यसम्पादन गरेका छन् । शाखा संचालन, ट्रेड प्रसाशन, जोखिम व्यवस्थापन तथा कर्जा असुली जस्तो क्षेत्रमा उनको दक्षता रहेको छ । हाल उनी बैंकको प्रमुख जोखिम अधिकृतको रुपमा कार्यरत छन् ।

करिव १८ वर्ष देखि वाणिज्य बैंकमा सेवा प्रवाह गर्दै आएकी उमंग शर्माले लामो समयसम्म कर्जा विभागमा उल्लेख्य काम गरेको अनुभव छ । हाल उनी प्रमुख प्रशासकीय अधिकृतको रूपमा कार्यसम्पादन गर्दै आएकी छन् । हाल उनी अन्तर्गत मानव संसाधन विभाग, सामान्य सेवा विभाग, र कर्पोरेट कम्युनिकेशन विभागमा रहेकी छन् । उनी बैंकको प्रवक्ता समेत हुन् ।

# सारथीका ट्याक्सीमा कुमारी बैंकको लोगो

काठमाडौं- कुमारी बैंक लिमिटेडले देशकै सबभन्दा व्यापक रूपमा परिचित ट्याक्सी सेवा प्रदायक कम्पनी, सारथी प्राइभेट लिमिटेडसँग ब्रान्डिङ सहकार्य गरेको छ । उक्त सम्झौता-पत्रमा कुमारी बैंकका तर्फबाट बैंकका नायब प्रमुख कार्यकारी अधिकृत राजीब गिरी र सारथीका सह-संस्थापक रवि सिंघलले हस्ताक्षर गरे । उक्त सहकार्य पश्चात् सारथीका ६५० ट्याक्सी टपहरुमा कुमारी बैंकको




लोगोअंकित स्टिकर तथा विविध बचत खाताहरुको विज्ञापन स्टिकर मार्फत ब्रान्डिङ हुनेछ ।

यसैगरी, सारथीका ट्याक्सी चालकहरुको पहिचान कार्डको पछाडी युनिक क्यूआर कोड अंकित हुनेछ जसमार्फत सम्पूर्ण ग्राहकवर्गहरुले भौतिक नगद रहित नै सवारी शुल्क भुक्तानी गर्न सक्नेछन् । सोही सहकार्य पश्चात् कुमारी बैंकले पुन: अत्याधुनिक मन्चबाट ब्रान्डिङ तथा प्राचारिक नवीकरणमा केन्द्रित भएको संस्थाको रुपमा आफ्नो पहिचान बनाउन सफल भएको छ ।

# कामना सेवा विकास बैंकको आईएमई पेसाग कारोबार सुरु

काठमाडौं । कामना सेवा विकास बैंकले आई.एम.ई को आई.एम.ई. पे डिजिटल वालेट सुविधा समेत प्रदान गर्ने गरी उक्त कम्पनीसँग सम्झौता गरी सेवा संचालनमा ल्याएको छ । बैंकको मोवाईल बैकिङ्ग सेवा लिएका ग्राहकले

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

आफ्नो खातामा भएको रकम मोवाईल बैकिङ्ग मार्फत आई.एम.ई.पे डिजिटल वालेटमा फण्ड लोड गर्ने सुविधा प्रदान गरिएको छ ।

आई.एम.ई. पे वालेट मार्फत ग्राहकले चन्द्रागिरी केवलकारको टिकटको भुक्तानी, बिद्युत महसुल भुक्तानी, खानेपानी महसुल भुक्तानी, मोबाइल टपअप गर्नेलगायत अन्य विभिन्न भुक्तानीहरुमा सहयोगी हुने बैंकले जनाएको छ ।

# उद्यमी ढकाल पश्चिमाञ्चल विकास मञ्चको अध्यक्षमा पुन: चयन

काठमाडौं । पश्चिमाञ्चल विकास मञ्चको आज राजधानीमा सम्पन्न चौधौं वार्षिक साधारण सभाले नेपालका एकजना सफल उद्यमी चन्द्रप्रसाद ढकाललाई पुन: अर्को कार्यकालका लागि अध्यक्ष चयन गरेको छ ।

साविकको पश्चिमाञ्चल विकास क्षेत्रका तीन अञ्चल गण्डकी, धौलागिरी र लुम्बिनीलाई समेटेर त्यस क्षेत्रको विकासका लागि राष्ट्रिय प्रयास र दृष्टिकोण जुटाउने उद्देश्यले सो मञ्चको गठन गरिएको हो ।

अध्यक्ष रहेका ढकाललाइ साधारणसभाले पुन: अर्को कार्यकालका लागि पनि अध्यक्ष पदमा निर्वाचित गरेको हो । नवनिर्वाचित ढकाल ग्लोबल आइएमइ




बैंक, आइएमई ग्रुप र चन्द्रागिरि हिल्सका अध्यक्ष हुन् ।

उक्त मञ्चको उपाध्यक्षमा साविकको धौलागिरि अञ्चलबाट ज्ञानेन्द्रविक्रम महत, गण्डकीबाट मदन कुमार महत र लुम्बिनीबाट शोभाकर न्यौपाने तथा महासचिवमा यादव भट्टराई, सचिवमा नारायणप्रसाद तिम्सिना र कोषाध्यक्षमा योगराज कडेल शर्मा निर्वाचित भएका छन् । त्यस्तै साविकका तीन अञ्चलका सबै जिल्लाहरुबाट गरी कार्यसमितिमा १७ जना सदस्य निर्वाचित भएका छन् ।

नेपालको साविक पश्चिमाञ्चल विकास क्षेत्रको सामाजिक, सांस्कृतिक, धार्मिक, पर्यटकीय तथा आर्थिक लगायतका क्षेत्रहरुको विकास गरी त्यहाँका प्रतिभाहरुलाई सम्मान गर्ने काम पनि सो मञ्चले गर्दै आएको छ । त्यसैगरी उक्त क्षेत्रको विविध महत्व र सम्भावनालाई उजागर गरेर उक्त मञ्चले हालैमात्र एक स्मारिका पनि प्रकाशन गरेको थियो ।

सो साधारण सभाको उद्घाटन गर्दै अध्यक्ष ढकालले आफूहरु देशको पश्चिम क्षेत्रमा जन्मिएर विविधि कामको सिलसिलामा देशको विभिन्न भूभागमा पुगेका नागरिकले आफ्नो कर्मथलोबाट जन्मथलोलाई हेर्ने एक उत्कृष्ट माध्यमका रुपमा यो मञ्च रहेको धारणा राखे ।

अध्यक्ष चन्द्रप्रसाद ढकालले देश अहिले संघीय शासन प्रणालीमा गएको भए पनि साविकको पश्चिमाञ्चाल विकास क्षेत्रको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका लागि एक भएर साझा चौतारीका रुपमा काम गर्नेगरी स्थापना भएको विशुद्ध सामाजिक संस्थाका रुपमा सो मञ्च स्थापना भएकोले यसै नामबाट नै सञ्चालन गरिएको जानकारी दिए ।

उनले यस क्षेत्रको भूगोल, पर्यावरण, धार्मिक तथा सांस्कृतिक धरोहर तथा अरु कैयन् अद्धितीय सम्पदाहरुका कारण देशको पश्चिमाञ्चल क्षेत्र नेपालकै एक अलौकिक सम्भावनायुक्त क्षेत्र रहेको पनि धारणा राखेका थिए ।

# एनआईसी एशिया बैंकको एटीएम उच्च अदालत पाटन परिसरमा राख्ने सहमति

काठमाडौं । एनआईसी एशिया बैंक लिमिटेड र उच्च अदालत पाटन, ललितपुरबीच ललितपुर महानगरपालिका वडा नं ३ हरिहरभवनस्थित उच्च अदालत परिसरमा एटिएम मेसिन संचालनका लागि स्थान उपलब्ध गराउने सम्झौता भएको छ ।

उच्च अदालत परिसरमा एटिएम संचालनमा आएसँगै अदालतमा आउने सेवाग्राहीलाई आवश्यक पर्ने रकम व्यवस्थापनका लागि सहज हुने विश्वास बैंकले लिएको छ ।

बैंकलाई आमजनमानसले गरेको प्रगाढ विश्वास, अगाध स्नेह र बैंक प्रतिको भरोसाले गर्दा यस बैंकको मुलुकभर २९२ शाखा कार्यालयहरु, ३१५ एटिएम, ५२ वटा एक्स्टेन्सन काउण्टर एवं ४१ वटा शाखारहित बैंकिङ्गमार्फत् बैंकिङ्ग सेवा प्रदान गर्ने मुलुककै सबैभन्दा ठूलो शाखा सञ्जाल भएको बैंक हुन सफल भएको छ ।



१७ लाखभन्दा बढी ग्राहक महानुभावहरूका साथ सञ्चालनमा रहेको यस बैंकका प्रमुख वित्तीय परिसूचकहरु अत्यन्त उत्साहप्रद रहेका छन् । साथै संस्थागत सुशासन, जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणालीको उत्कृष्ट अभ्यासलाई यस बैंकले पालना गर्दै आएको छ ।

**१० प्रतिशत लाभांस दिने**

यसैवीच, एनआईसी एशिया क्यापिटल लिमिटेडको बसेको संचालक समितिको ६१औं बैठकले एनआईसी एशियाग्रोथ फण्डका इकाई धनीहरुलाई १० प्रतिशत लाभांश दिने निर्णय गरेको छ । आर्थिक वर्ष २०७५/०७६ का लागि एनआईसी एशिया बैंक म्युचुअल फण्ड अन्तर्गत संचालित पहिलो योजना 'एनआईसी एशियाग्रोथ फण्ड' का इकाई धनीहरुलाई १० प्रतिशत (कर सहित) का दरले हुन आउने रकम आठ करोड पैतिस लाख बिस हजार नगद लाभांश वितरण गर्ने निर्णय गरेको हो ।

एनआईसी एशिया क्यापिटलले एनआईसी एशिया बैंक म्युचुअल फण्ड अन्तर्गतको दोश्रो योजना 'एनआईसी एशिया ब्यालेन्यस्ड् फण्ड'को प्रतिइकाई मूल्य रु. १० दरका १२ करोड ५० लाख इकाई गएको बुधबारदेखि निष्काशन तथा बिक्री खुल्ला गरेको छ ।

ब्यालेन्सड् फण्डको इकाई खरिद गर्नको लागि प्रचलित सामूहिक कोष नियमावली एवं निर्देशिकाको अधिनमा रही नेपाली नागरिक, गैरआवासीय नेपालीको प्रमाणपत्र (परिचयपत्र) जारी भएका व्यक्ति, प्रचलित कानुन बमोजिम दर्ता भएका नेपाली फर्म, संघ संस्था, बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोषहरु जस्तै सञ्चयकोष, कल्याणकारी कोष, गुठी, अक्षयकोष आदिले आवेदन दिन सक्ने बैंकले जनाएको छ ।

# बैकिङ्ग संसार

## गरिमा विकास बैंकका ग्राहकलाई अशोक लेलैण्डका सवारी साधनहरुमा ७० सम्मको कर्जा सुविधा

काठमाडौं । आईएमई ग्रुपअन्तर्गत संचालित आइएमई मोटर्सद्वारा प्रवर्द्धित अशोक लेलैण्ड र गरिमा विकास बैंक लिमिटेड बीच सम्झौता भएको



छ । सम्झौतामा बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत गोविन्द प्रसाद ढकाल र आईएमई मोटर्सका भाइस प्रेसिडेन्ट इमरान ए. खानले हस्ताक्षर गरे । सम्झौता अनुरुप, आईएमई मोटर्सबाट सिफारिस पाएका ग्राहकहरुले सहज रुपमा ७०सम्मको कर्जा सुविधा गरिमा विकास बैंक लिमिटेडबाट पाउने भएका छन् ।

सै अनुरुप ग्राहकहरुले अशोक लेलैण्डको विभिन्न प्रकारका सवारी साधनहरुमा कर्जा सुविधा प्राप्त गर्ने भएका छन् । यो सुविधाले आगामी दिनमा ग्राहकहरुलाई कर्जा सुविधा प्राप्त गर्न निकै सजिलो हुने दुबै कम्पनीका प्रमुखहरुले बताए । कर्जा सुविधा मात्र नभई दुवै कम्पनी बीच संयुक्त रुममा सहकार्य गर्दै अगाडी बढ्ने कुरामा पनि सहमति भएको छ ।

## प्रभु बैंक लिमिटेड र अरविट मेडिकल इन्ट्रान्सबीच कर्जासम्वन्धी सम्झौता

काठमाडौं । प्रभु बैंक लिमिटेड र अरविट मेडिकल इन्ट्रान्सबीच



कर्जासम्वन्धी सम्झौता भएको छ । सहमति अनुसार अरविट मेडिकल इन्ट्रान्सको प्रभु बैक आधिकारीक बैक रहने छ । अरविट शैक्षिक परामर्श सेवा उपलब्ध गराउने संस्थाबाट शिफारिश भइ आएका उच्च शिक्षा हाशिल गर्न विदेश जाने बिद्यार्थीहरुले प्रभु बैकको सबै शाखाहरुबाट नगद जम्मा गर्ने, बिदेशी मुद्रा सटही सुविधा, स्विफ्ट, टीटी, अनलाईन पेमेन्ट, ड्राफ्ट आदिका माध्याबाट आईएलटीएस, टोफल, पीटीई, सीएई, एसएटी, जीआरई, जीम्याट, ट्यूसन फि आदि शुल्क भुक्तानी गर्न सक्नेछन् ।

शैक्षिक कर्जा आवश्यक परेमा सर्वसुलभ तरिकाबाट कर्जा उपलब्ध गराइने उल्लेख छ । सो कार्यलाई अझ सुव्यवस्थित गर्नको लागि बैंकको कमलादी शाखालाई मुख्य सम्पर्क केन्द्र तोकिएको छ । बैकको उक्त कार्यबाट धैरे भन्दा धैरे बिदेशमा अध्ययनका लागि जाने बिद्यार्थीहरु तथा तिनका आश्रीतहरु लाभान्भित हुने अपेक्षा गरीएको छ । उक्त सहमति पत्रमा बैकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत अशोक शेरचन तथा अरविट मेडिकल इन्ट्रान्सका तर्फबाट कम्पनीका प्रवन्ध संचालकसुनिल रेग्मीले हस्ताक्षर गरेका छन् ।

## सांग्रिला डेभलपमेन्ट बैंक र द हबि अटो ट्रेडिङ्ग बीच सम्झौता

काठमाडौं- सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड र द हबि अटो ट्रेडिङ्ग वीरगंज बीच गाडी खरिदका लागि कर्जा सेवा उपलब्ध गराउने सम्बन्धी सम्झौता भएको छ । बैंक र उक्त संस्था बीच आयोजित एक कार्यक्रममा सो सम्बन्धी सम्झौता पत्रमा बैंकको तर्फबाट सहायक महाप्रबन्धक रजित मास्के र द हबि ट्रेडिङ्गका तर्फबाट उक्त कम्पनीका अध्यक्ष उमेश नारायण मानन्धरले



हस्ताक्षर गरे ।

सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले आफ्ना ग्राहकवर्गहरुलाई विभिन्न प्रकारका बैंकिङ्ग सुविधाहरु दिंदै आएकोमा यस सम्झौता अनुसार यस बैंकका ग्राहकहरुले भारतको प्रसिद्ध इस्कोर्ट कम्पनीको ब्राण्डका वैकहो लोडर तथा हेभी ईक्यूपमेन्टको आधिकारीक बिक्रेता द हबि ट्रेडिङ्गबाट नयाँ वैकहो लोडर तथा हेभी ईक्यूपमेन्ट खरीद गर्न चाहेमा सम्झौता अर्न्तगत खरिद रकमको अधिकतम ७० प्रतिशत सम्म कर्जा सम्बन्धि सेवा बैंकका शाखा कार्यालयहरुबाट प्राप्त गर्न सक्नेछन् ।

बैंकले यस सेवा अन्तर्गत ग्राहकहरुले बैंकको हाल संचालनमा रहेका ८६वटै शाखाहरुबाट आफ्ना ग्राहक वर्गहरुलाई यस किसिमको कर्जा प्रदान गरिने जनाएको छ ।

# पुस्तकमा कर र हाम्रो परिवेश

**मोहन आचार्य**

गणतन्त्रपछि राष्ट्रले उत्कृष्ट संविधान निर्माण गर्यो । निवार्चनमार्फत बलियो र स्थिर सरकार पनि पायो । विकास र समृद्धिको मूल नारासहित अहिलेको सरकार अगाडि बढेको भनिएको छ । समस्त नेपाली घर आँगनमा समृद्धि आउने आशासहित धैर्यता राखी उभिएका छन् जनता ।

तर अहिले यही सरकारमाथि प्रश्न उठेको छ । संसार प्रविधि, ज्ञान र पुँजीको समिश्रणबाट छलाङ मार्दैछ । विकसित र उदयमान राष्ट्रले ज्ञान र प्रविधि भित्र्याउन दुनियाँका अब्बल स्रोत, सामग्री र जनशक्तिका लागि मरिहत्ते गर्छन् । अनि हामी चाहिँ समृद्धिको सपना देख्ने तर प्रविधि र ज्ञानको स्रोत मानिएका पुस्तकमा अंकुश लगाउने ? हामी कता जाँदै छौं ? पहिले पहिले एक छाक खाएरै भए पनि काँशी वास बस त्यसै भनिएको होइन ।

यसको अर्थ तपाईं अल्प आहारमै भए पनि ज्ञान चाहिँ जहाँसुकैबाट भए पनि प्राप्त गर्नुहोस् । अस्टिन फेल्प्सले भनेका छन्, पुरानो कोट लाऊ, नयाँ पुस्तक किन पुस्तकको महत्त्व कति छ यसले दर्साउँछ । पुस्तक त मागेरै भए पनि पढ्नुपर्छ । दुनियाँमा पुस्तकालय किन बनाइए ? विश्व विद्यालयमा तपाईं विद्यार्थीलाई कस्तो जनशक्तिमा रूपान्तरण गर्नुहुन्छ भन्ने कुरा त्यहाँको पुस्तकालयमा कति पुस्तक छन् र त्यहाँ विद्यार्थीलाई कति प्रेरित गर्नुहुन्छ, त्यसमा भर पर्छ । संसार पर्खाल भत्काएर ज्ञान र प्रविधिका खोजीमा छ । हामी चाहिँ काँडेतार लगाउँदै छौं ! किन ?

पुस्तक ज्ञानको स्रोत हो, यसलाई साँघुरो परिधिमा राखेर कस्तो राष्ट्र बन्ला ? पचास वर्षपछि हामी कहाँ पुग्छौं र के बन्छौं भन्ने कुरा आज हामी कति अध्ययन, अनुसन्धानमा लगानी गर्छौं भन्ने कुरामा भर पर्छ । फ्रेन्च दार्शनिक क्लाउडेले भनेका छन् प्रेसलाई सीमित गर्नु भनेको राष्ट्रलाई अपमान गर्नु हो र पुस्तक पढ्नबाट वञ्चित गर्नु भनेको त्यस राष्ट्रका नागरिकलाई मूर्ख अथवा दास घोषित गर्नु हो । राष्ट्रले पुस्तक पढ्न प्रेरित गर्नु पर्छ ।

हामीले क्षणिक सोच्नु हुँदैन । आग्रह वा पूर्वाग्रह, यो वा त्यो तर्कमा, यसलाई वा उसलाई कति, कहाँ फाइदा वा बेफाइदा हुन्छ भनेर दुरगामी प्रभाव पार्ने यस्ता निर्णय गर्नु वा गराउनु हुन्न । सिक्ने र सिकाउने माध्यम वा स्रोतहरूको सीमितताले देशले कति गुणस्तर जनशक्ति विकास गर्न सक्छ ? सोच्नुपर्ने कुरा यही हो ।

मुद्रण सङ्घ संस्थाका आफ्ना माग होलान् । आफ्नो ठाउँमा जायज हुन सक्छन् । व्यावसायिक स्वार्थ होलान् । हक, हित, स्वदेशी संरक्षण र प्रवर्द्धनको सवाल एक हदसम्म सही होला तर त्यसको कोपभाजनमा पुस्तकको सर्वव्यापी मान्यतालाई अवमूल्यन गर्नु हुन्न । ज्ञानको दायरा वा प्रवाहलाई सीमित गर्दा आउने दीर्घकालीन प्रतिकूलताको मूल्य पुस्तकबाट प्राप्त हुने सानो राजस्वभन्दा धेरै भारी हुन्छ ।

हालै सरकारले यस वर्षको बजेटमा विदेशबाट आयात हुने सम्पूर्ण पाठ्यपुस्तकमा दस प्रतिशत भन्सार कर लगाएको छ । विश्वव्यापी मान्यता, विकसित र छिमेकी देशमा भएको व्यवस्था विपरीत पुस्तकको प्रसारण र प्रवाहमा कर लगाइएको छ । यस निर्णयको बचाउमा सम्बन्धित अधिकारीहरूको तर्कलाई आधार मान्ने हो भने एउटा पक्षको मर्का सुन्दा सवाङ्गीण प्रतिकुलताको वास्ता नगरेको भान हुन्छ । खोला थुनेर माछा मार्ने कि बगेको खोलामा माछा मार्ने प्रविधि र सक्षमता विकास गर्ने ? प्रश्न यहाँनेर छ ।

**हामी कति सक्षम छौं ?**

सरकारले माध्यमिक तहसम्म पाठ्यपुस्तक निःशुल्क उपलब्ध गराउने भनेको छ । तर अहिले पनि लगभग सबै निजी विद्यालयमा निजी प्रकाशन गृहका पुस्तक पढाइ हुन्छन् । दूरदराजका अधिकांश विद्यालयमा शैक्षिक सत्र सुरु भएको धेरैपछिसम्म पनि पाठ्यपुस्तक उपलब्ध हुँदैनन् । अब्बल मानिएका सयौं विद्यालयमा विदेशी र आयतित पुस्तक पढाइ हुन्छन् । एउटा बाध्यता भनौं, हामी विश्व स्तरका पाठ्यपुस्तक तयार पार्न र माग बमोजिम वितरण गर्न सक्षम छौं ? राज्यले सोही अनुरूपको अनुकूल वातावरण तयार पार्न सकेको छ ? के छपाई उत्कृष्टता, सहजता र विषयवस्तुको गुणस्तर विकास गर्न प्रकाशक, प्रेस तथा सरकारी निकायले पर्याप्त प्रयास गरेका छन् ? यसका लागि चाहिने बजार प्रतिस्पर्धात्मक क्षमता विकास गर्न निजी तथा सरकारी निकाय सक्षम छन् ? स्वदेशी प्रेस उद्योग सक्षम बनाउन प्रविधि र कच्चा पदार्थको सहजता पो बनाइदिने कि सरकारले ? हेक्का रहोस्, पुस्तकमाथिको करले हाम्रो प्रतिस्पर्धात्मक क्षमता विकास हुँदैन उल्टो ज्ञान र प्रविधिलाई आवश्यक विशिष्ट पुस्तकहरूको अभाव हुन्छ ।

**उच्च र विशिष्टीकृत शिक्षामा चुनौती**

विगत डेढ दशकदेखि मेडिकल तथा अन्य स्वास्थ्य क्षेत्रको प्रकाशक तथा पैठारीकर्ताको रूपमा मैले भोगेको अनुभव निकै टिठ लाग्दो छ । हाम्रो शिक्षा विशिष्टीकृत मेडिकल, पारामेडिकल तथा अलाइड हेल्थ साइन्समा ९५ प्रतिशतभन्दा माथि र एमबीबीएस लगायत स्वास्थ्यका अन्य स्नातक कोर्सहरूमा करिब ८० प्रतिशत अन्तर्राष्ट्रिय आयातित पुस्तकमा निर्भर छ । स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रमा उत्पादित हाम्रो जनशक्ति अन्तर्राष्ट्रिय स्तरको र प्रतिस्पर्धात्मक बनाउन पाठ्यपुस्तकको योगदान अहम् हुन्छ । विश्वव्यापी रूपमा द्रुत गतिमा विकसित ज्ञान, सीप र प्रविधिलाई लिपिबद्ध गरी प्रकाशन र वितरण गर्ने पाठ्यपुस्तकको विकासमा हामी निकै निरिह छौं या भनौं अपवाद बाहेक त न अनुसन्धान छ न त अनुसन्धानात्मक लेखन छ ।

पुस्तक त्यसै बन्दैन । पुस्तक बन्न वैधानिक स्रोतहरू चाहिन्छन् । जोर्नलस, लेख तथा पिरियोडिकल्सहरूले विकसित भएको तथ्यपूर्ण र अनुसन्धानात्मक स्रोतहरूको सम्प्रेषण गर्छन् । यी सबका लागि वैज्ञानिक अनुसन्धान तथा खोज हुनुपर्छ । त्यस्तो खोजका लागि जनशक्ति र लगानी चाहिन्छ । व्यक्तिगत लगानी र स्रोत साधनमा अनुसन्धान गर्न हाम्रो जस्तो देशमा कति सम्भव छ ? अनि राज्यले कति लगानी गर्छ र हालसम्म गरेको छ ? अनि पुस्तक माथि कर ? अंकुश ? विद्यमान अवस्थामा पुस्तक माथि करको भार थोपरेर हामीले गुणस्तर र सर्वसुलभ स्वास्थ्य सेवा दिन सक्छौं ? अझ जेहेनदार, गरिब तथा प्रतिभाशाली विद्यार्थीलाई गुणस्तरीय पुस्तक माथिको पहुँच कम गरेर कस्तो जनशक्ति उत्पादन गर्न खोज्दैछौं हामी ? यस्तै अवस्था अन्य प्राविधिक तथा विशिष्टकृत शिक्षाको पनि छ ।

**अन्तर्राष्ट्रिय परिवेश**

युनेस्कोको फ्लोरेन्स एग्रिमेन्टको (१९५०), प्रोटोकल (१९७६) प्रावधानअनुसार प्रिन्टेड पुस्तकहरू भन्सार शुल्क तथा भ्याट मुक्त हुन्छन् । आर्टिकल १ को 'ए' देखि 'इ'सम्म उल्लेख गरिएका सामग्रीको आयातमा कुनै पनि भन्सार महसुल तथा अन्य शुल्क लिन पाइने छैन । द्यबचलभ ऋयलखभलतष्यल (१९८६) ले प्रिन्टेड पुस्तकको आवागमन भन्सार शुल्क तथा करमुक्त हुनेछ भनी उल्लेख गरेको छ । छिमेकी राष्ट्र भारत लगायत अमेरिका, बेलायत तथा विश्वका अधिकांश राष्ट्रमा पुस्तकको आवगमनमा भन्सार लगाइएको छैन । अझ भनौं मुद्रित पुस्तकमा विश्वव्यापी रूपमा एकल अङ्कित मूल्य प्रचलित छ । यसको मुख्य कारण पुस्तकलाई भन्सार शुल्कमुक्त र करमुक्त क्षेत्रमा राखिएकोले हो । यो करले पुस्तक वस्तु र कारोबार वस्तु विनिमय प्रणालीमा रूपान्तरण हुन्छ, जो सर्वथा गलत हुन्छ ।

पठन संस्कृतिलाई बढावा दिन, अब्बल र प्रतिस्पर्धात्मक जनशक्ति उत्पादन गर्न विश्वस्तरीय पाठ्यपुस्तकको सहज पहुँच पुर्याउन, देशमा विद्यमान प्राथमिक तहदेखि विश्व विद्यालयसम्म सुलभ मूल्यमा अन्तर्राष्ट्रिय पाठ्यपुस्तक उपलब्ध गराउन, स्वदेशी पाठ्यपुस्तकलाई गुणस्तरीय र थप प्रतिस्पर्धी बनाउन, चोरी तथा नक्कल गर्ने प्रवृत्ति अन्त्य गर्न, उच्च शिक्षामा पर्न जाने पाठ्यपुस्तकको अभाव रोक्न, प्राविधिक विषयका विकल्परहित विश्वस्तरीय पाठ्यपुस्तकलाई सरल मूल्यमा सहज रूपमा उपलब्ध गराउन र हामीले सोचेको सरकारले आँटेको सुखी र समृद्ध नेपालका लागि दक्ष ज्ञान र सीप युक्त नेपाली जनशक्ति उत्पादन गर्न सरकारलाई पुस्तकमाथिको भन्सार कर अबिलम्ब फिर्ता लिन सविनय रूपमा जोडदार अनुरोध गर्छौं ।

*(संयुक्त कार्यसमिति सदस्य, नेसनल बुक्स सेलर तथा प्रकाशक सङ्घ ।)*

# प्रधानमन्त्रीद्वारा संसारभरका लगानीकर्तालाई लगानी गर्न आग्रह

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले विश्वरभरका लगानीकर्तालाई नेपालमा लगानी गर्न पुनः आग्रह गर्नुभएको छ । आइतबारदेखि शुरु भएको 'इन्डिया नेपाल लजिस्टिक समिट'लाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले कानूनी, संस्थागत एवं प्रक्रियागत रुपमा रहेका झण्झट हटाई वर्तमान सरकारले लगानीमैत्री वातावरण तयार पारेकाले ढुक्क भएर लगानी गर्न आग्रह गर्नुभएको हो ।

प्रधानमन्त्रीले लगानीकर्ताको सहजीकरणका लागि 'सार्वजनिक-निजी साझेदारी तथा लगानी सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन', 'विदेशी लगानी तथा प्रविधि हस्तान्तरणसम्बन्धी ऐन' लगायतका ऐन कार्यान्वयनमा रहेको र लगानीकर्ताको सहजीकरणका लागि एकल बिन्दु सेवा केन्द्रसमेत सञ्चालनमा आइसकेको जानकारी दिँदै भन्नुभयो, हामी भारतलगायत संसारभरका लगानीकर्तालाई लगानीका लागि आग्रह गर्दछौं ।

राजनीतिक स्थायित्वसहितको वर्तमान सरकार गठन भएको, लगानीको भरपर्दो वातावरण सिर्जना गरिएको, आर्थिक विकास र समृद्धि नै सबैको साझा लक्ष्य रहेकाले पनि नेपाल लगानीका लागि सुगम र भरपर्दो गन्तव्य भएको प्रधानमन्त्रीको भनाइ थियो ।

सडक सञ्जालको विस्तारमा प्रमुख प्राथमिकता दिइएको, रेलमार्ग, जल यातायातका लागिसमेत काम भइरहेको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले भन्सार परीक्षणमा समेत थप सहजीकरण गरी विद्युतीय प्रणाली लागू भएको बताउनुभयो । सरकारले भन्सार प्रणालीलाई थप व्यवस्थित र विद्युतीय बनाएको छ । उद्योगी तथा व्यवसायीलाई पनि सहजरुपमा व्यापार तथा वाणिज्यका लागि मार्गप्रशस्त गरिएको छ, उहाँले भन्नुभयो ।

भन्सार प्रणालीलाई थप व्यवस्थित बनाउने लक्ष्यका साथ वीरगञ्जमा एकीकृत जाँच चौकी सञ्चालनमा आइसकेको, विराटनगरमा केही समयभित्रै उक्त चौकी सञ्चालनमा आउने जानकारी दिँदै प्रधानमन्त्री ओलीले भन्सार प्रणालीलाई थप व्यवस्थित र सहज बनाउन आवश्यक पर्ने जति सबै काम गर्न सरकार प्रयासरत रहेको बताउनुभयो ।

नेपालको चुलिँदो व्यापार घाटा घटाउनका लागि पनि यातायात सञ्जालको विस्तारलाई सरकारले विशेष प्राथमिकता दिएको उल्लेख गर्दै प्रधानमन्त्रीले विविआइएन, सार्क, बिम्स्टेक जस्ता क्षेत्रीय तथा उपक्षेत्रीय सङ्गठनमार्फत पनि प्रयास गरिरहेको बताउनुभयो ।

वर्तमान सरकारले सडक सञ्जालका अलावा पानी जहाज कार्यालय नै स्थापना गरिसकेको र रेलमार्ग निर्माण प्रक्रियासमेत अगाडि बढेको, नेपाल-भारत सीमा क्षेत्रमा फराकिला सडक निर्माण भइरहेको समेत जानकारी दिनुभयो । भारतको बिहार र उत्तर प्रदेशका राजमार्ग तथा सहायक मार्गको स्तरोन्नतिका कारण पनि कार्गो आयात तथा यातायातका लागि थप सहज भएको उहाँको भनाइ थियो ।

सन् २०३० सम्म नेपाललाई मध्यस्तरीय आय भएको मुलुकका रुपमा विकास गर्ने गरी सरकारले सोच, नीति तथा कार्यक्रमसमेत अगाडि बढाएको स्पष्ट पार्दै प्रधानमन्त्रीले दिगो विकास लक्ष्यमा समावेश भएका योजनालाई समेत पूरा गर्ने विश्वास दिलाउनुभयो । आर्थिक वर्ष २०७५/७६ मा नेपालको आर्थिक वृद्धिदर सात प्रतिशतको हाराहारीमा भएको, सामाजिक सुरक्षालगायतका कार्यक्रमले पनि औद्योगिक वातावरण बनेको र श्रम सम्बन्धका सुधार आएको प्रधानमन्त्रीको भनाइ थियो ।

सरकारले कृषि, पर्यटन, भौतिक पूर्वाधार, ऊर्जालगायतका क्षेत्रलाई विशेष प्राथमिकतामा राखी लगानीसमेत बढाएको र विदेशी लगानीकर्तालाई सोही क्षेत्रमा लगानीका लागि आग्रह गरेको जानकारी दिँदै प्रधानमन्त्री ओलीले व्यापारिक र व्यावसायिक वातावरणलाई सदुपयोग गर्नसमेत आग्रह गर्नुभयो ।

वर्षाको समयमा खेर गएको विद्युत् भारत निर्यात गर्न शुरु गरिएको तथ्य पेश गर्दै प्रधानमन्त्रीले ढल्केबर-मुजफ्फपुर अन्तरदेशीय प्रसारण लाइनलगायत अन्य विभिन्न सात वटा बिन्दुबाट विद्युत् आयात तथा निर्यात गर्न सकिने अवस्थासमेत रहेको बताउनुभयो । ढल्केबर-मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइनलाई ४०० केभीमा स्तरोन्नति गरिने तथा बुटवल गोरखपुर अन्तरदेशीय प्रसारण लाइनसमेत आफूहरुको प्राथमिकतामा रहेको उहाँले बताउनुभयो । हवाई सञ्जालको विस्तार तथा विकासमा समेत विशेष प्राथमिकतामा राखेको र भारतका विभिन्न गन्तव्यमा हवाई सञ्जाल जोडिएको समेत प्रधानमन्त्रीले उल्लेख गर्नुभयो ।

कार्यक्रममा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव केदारबहादुर अधिकारीले कार्गो तथा लजिस्टिकका क्षेत्रमा देखिएका समस्या समाधानका लागि नेपाल र भारतले संयुक्तरुपमा काम गरिरहेको जानकारी दिनुभयो । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष भवानी राणाले उद्योगी व्यवसायीलाई सहज बनाउने गरी भन्सार परीक्षण तथा अन्य प्रणालीको विकास गर्नु जरुरी रहेको बताउनुभयो । उहाँले सरकारले सडक सञ्जालको विस्तार, रेलमार्ग तथा जल यातायातलाई समेत प्राथमिकतामा राखेका कारणले पनि आगामी दिनमा थप सहजता आउने विश्वास व्यक्त गर्नुभयो ।

नेपालका लागि भारतीय राजदूत मञ्जिवसिंह पुरीले नेपाल र भारतका प्रधानमन्त्रीले संयुक्तरुपमा वीरगञ्जको एकीकृत भन्सार जाँच चौकी उद्घाटन गर्नुभएको र केही समयभित्रै विराटनगरमा समेत त्यस्तै चौकी उद्घाटन हुने क्रममा रहेको भन्दै दुई देशको व्यापार तथा वाणिज्यको क्षेत्रमा नयाँ आयाम शुरु भएको बताउनुभयो ।

उहाँले मोतीहारी-अमलेखगञ्ज पेट्रोलियम पाइप लाइन निर्माण सम्पन्न भई सञ्चालनमा समेत आइसकेको र कार्गो तथा अन्य लजिस्टिकका क्षेत्रमा समेत थप सहजता आएको उल्लेख गर्नुभयो । कार्यक्रममा नेपाल र भारतका उद्योगी, व्यवसायी तथा कार्गो तथा लजिस्टिकको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी क्षेत्रमा प्रतिनिधिको सहभागिता रहेको छ ।

# शिक्षकहरुलाई चार दिने तालिम

काठमाडौं । गणित विषयको सिकाइ सुधार्न महिला शिक्षक समाजले नयाँ जुक्ति निकालेको छ । समाजले प्रतिनिधि रुपमा उपत्यकाका २५ विद्यालयका २५ जना माबि तहका गणित शिक्षकहरुलाई ४ दिने गणित शिक्षण सिकाइ तालीम दिएको हो ।

काठमाडौं विश्वविद्यालय हात्तिवनमा आयोजना गरिएको ४ दिने कार्यशालामा विज्ञहरु डा. बालचन्द्र लुइटेल, विनोदप्रसाद पन्त, नेत्रकुमार मानन्धर, इन्द्रमणि श्रेष्ठलगायतले शिक्षकहरुलाई गणित शिक्षण सिकाइ सम्बन्धी प्रशिक्षण दिएका थिए ।




गणित शिक्षकहरुलाई विज्ञहरुद्वारा ४ दिनसम्म गणितलाई कसरी सरल तरिकाले सिकाउने, गणित सिकाइमा सूचना प्रविधिको प्रयोग कसरी गर्ने, गणित सिकाइलाई व्यवहारिक र मनोरञ्जनात्मक कसरी बनाउने भनेर सिकाइएको थियो ।

यसैगरी, सो ४ दिने कार्यशालामा गणित विषयको आधार मजवुत कसरी पार्ने, हौसलायुक्त सिकाइ कसरी गर्ने, गणितलाई विद्यार्थीहरुको आकर्षण र रोजाइको विषय कसरी बनाउने भन्ने बारेमा शिक्षकहरुलाई व्यवहारिक सीप दिइएको महिला शिक्षक समाजकी उपाध्यक्ष एवं पद्यकन्या माविकी प्रअ रिता तिवारीले जानकारी दिइन् ।

तिवारीका अनुसार शिक्षकहरुलाई काठमाडौं विश्वविद्यालयमा रहेको म्याथ ल्याव र कम्प्युटरल्यावमा लगेरसमेत व्यवहारिक सीप सिकाइएको थियो ।

इन्टरनेटबाट गणित सिकाइ सामग्री कसरी संकलन गर्ने, गणित सिकाइमा नयाँ नयाँ विधिहरुको प्रयोग कसरी गर्ने, खेलखेलाउँदै कसरी गणित सिकाउने भन्ने बारे विज्ञहरुले शिक्षकहरुलाई जानकारी गराएका थिए ।

कार्यक्रममा गणित शिक्षकहरुलाई सूचना प्रविधिको प्रयोग गर्न लगाएर, विभिन्न काम र प्रयोगहरु गर्न लगाएर गणित सिकाइलाई कसरी व्यवहारिक, प्रविधिमैत्री, मनोरञ्जनात्मक र सरल बनाउन सकिन्छ भन्नेबारे सिकाइएको समाजकी उपाध्यक्ष एवं जनकल्याण मावि चावहिलकी प्रअ कुमारी कमला राईले जानकारी दिइन् ।

४ दिने कार्यशालामा आफूले गणित सिकाइका आधारभूत कुराहरु अति सरल ढंगले सिकेको सहभागी बालउद्दार मावि कपनकी मावि गणित शिक्षक नमूना दाहालले बताइन् । कार्यशालापछि गणित सिकाइका सन्दर्भमा आफूमा रहेका केही अन्योल हटेको तथा गणितलाई कसरी सूचना प्रविधिको प्रयोग गरेर खेलाउँदै, रमाइलोसँग सिकाउन सकिन्छ भनेर जानकारी मिलेको दाहालले बताइन् ।

# सिंगापुरसाग नेपालको लज्जास्पद हार, विश्वकपको सपना अधुरो


काठमाडौं । सिंगापुरसँग लज्जापद हारसँगै नेपालको टी(२० विश्वकप सपना अधुरै रहेको छ । आइतबार भएको खेलमा सिंगापुरले नेपाललाई ८२ रनको फराकिलो अन्तरले हराउँदै ग्लोबल छनोटमा स्थान बनाएको छ ।

१९२ रनको लक्ष्य पछ्याएको नेपालले १५ ओभरमा सबै विकेट गुमाएर १०९ रन मात्र बनाउन सक्यो । औषत सुरुवात गरेको नेपालका कप्तान पारस खड्का व्यक्तिगत १२ रनमा आउट भए । ज्ञानेन्द्र मल्लले २१ बलमा ३९ रन



बनाए । उनी दोस्रो विकेटका रुपमा आउट हुँदा नेपालको स्कोर ५४ रन थियो । तर त्यसपछि नेपाल सम्हालिन सकेन । दिपेन्द्र सिंह ऐरीले २३ रन बनाए भने सोमपाल कामीले ११ रन जोडे । अरु ब्याट्सम्यानले दोहोरो अंक जोड्न सकेनन् । टस जितेर ब्याटिङ गरेको सिंगापुरले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै १९१ रन बनाएको थियो । नेपालका लागि अभिनास बोहराले सर्वाधिक चार विकेट लिए । चार ओभर बलिङ गरेका उनले ३५ रन खर्चेर चार विकेट लिए । करण केसीले २ विकेट लिए ।


## विपीको स्मरण गरौं



नेपाली काँग्रेसका नेता विश्वेश्वर प्रसाद कोइरालाको स्मृति दिवसको अवसरमा प्रत्येक वर्षको साउन ६ लाई स्मरण गरौं । वि.पी.द्वारा प्रतिपादित प्रजातान्त्रिक समाजवादतर्फ मुलुकलाई अघि बढाउने प्रेरणा सबै नेपालीलाई प्राप्त होस ।

कृष्णप्रसाद सापकोटा
दमेक ट्रेडर्स
गैंडाकोट-५, नवलपुर


# चितवन अण्डा उत्पादक संघको अध्यक्षमा पुनः केसी

चितवन । नेपाल अण्डा उत्पादक सङ्घको केन्द्रीय अध्यक्षमा पुनः शिवराम केसी विजयी हुनुभएको छ । सङ्घको शनिबार भएको विशेष अधिवेशनबाट आफ्ना निकटतम प्रतिद्वन्द्वी रघुनाथ भट्टलाई २१४ फराकिलो मतान्तरले पछि पार्दै केसी विजयी हुनुभएको हो ।

कूल ५९० मत खसेकामा केसीले ३९७ र भट्टले १८३ मत प्राप्त गर्नुभएको निर्वाचन संयोजक दिवाकर पौडेलले जानकारी दिनुभयो । तीन मत बदर भएको थियो । यस्तै सदस्यहरुमा किरणभुषण ओली, प्रवीण केसी, विनोद अधिकारी, भरत कार्की, राजकुमार श्रेष्ठ र ललितबहादुर जिसी विजयी हुनुभयो ।

यसैबीच नवनिर्वाचित पदाधिकारीलाई निर्वाचन व्यवस्थापन समितिका संयोजक भेषराज दुवाडीले शपथग्रहण गराउनुभयो । सोही अवसरमा बोल्दै नवनिर्वाचित अध्यक्ष केसीले सबै एकजुट भएर सङ्घलाई नयाँ उचाइमा पुऱ्याउने प्रतिबद्धता जनाउनुभयो ।

केसीको सङ्घमा यो तेस्रो कार्यकाल हो । गत जेठ २४ गते भएको सङ्घको १५औं साधारणसभाबाट सङ्घमा विवाद चुलिएर समानान्तर समिति बनेपछि चितवन प्रशासनले सङ्घको नयाँ अधिवेशन तोकेको थियो ।

यसअघि सङ्घका अध्यक्ष त्रिलोचन कँडेलविरुद्ध अविश्वासको प्रस्ताव पेश गरी बहुमत सदस्यले शिवराम केसीलाई अध्यक्ष बनाएका थिए । त्यसपछि दुवै अध्यक्षहरुले आफू नै अध्यक्ष रहेको दाबी गर्दै हिँडेपछि जिल्ला प्रशासन कार्यालयले विवाद समाधान गर्न पहल गर्दै विशेष अधिवेशन बोलाएको हो ।

सोहीअनुसार सङ्घको केन्द्रीय विशेष अधिवेशन सम्पन्न भएको हो । चुनावमा ८४ प्रतिशत मत खसेको थियो । एक अध्यक्ष र छ सदस्यका लागि भएको निर्वाचनमा १४ जनाको उम्मेदवारी परेको थियो ।

# वीर अस्पतालले कर्मचारी किन भर्ना गर्दैन

काठमाडौं । चिकित्सा शिक्षा र स्वास्थ्य सेवाको सबैभन्दा जेठो वीर अस्पतालमा चिकित्सक, नर्स तथा प्रयोगशालामा काम गर्ने स्वास्थ्यकर्मीको अभाव भएको छ । यही अभावका कारण दुईहप्ता अगाडि निर्माण सम्पन्न भएको एकसय श्ययाको नयाँ भवन प्रयोगमा आउन सकेको छैन ।

बिनाशकारी भूकम्पले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानअन्तर्गतको अस्पताल भवन जापान सरकारको आर्थिक एवं प्राविधिक सहयोगमा निर्माण सम्पन्न भएको थियो । अस्पतालको १३०औँ वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा निर्देशक चिकित्सक केदार सेञ्जुरीले भन्नुभयो, नयाँ भवन बन्यो तर चिकित्सक, नर्स र आवश्यक उपकरण तथा उपकरण सञ्चालन गर्ने जनशक्तिको अभावमा सञ्चालन गर्न सकिएको छैन ।

नयाँ भवन सञ्चालनमा ल्याउन चाहिने स्वास्थ्यकर्मीको सङ्ख्या उहाँले केही खुलाउन भएन । विसं १९४७ आजकै दिन अस्पताल १५ श्ययाबाट अस्पताल सञ्चालनमा आएको थियो । चिकित्सा शिक्षा र स्वास्थ्यसेवाको केन्द्रीय अस्पताल (सेन्टर रिफर सेन्टर) ४६० श्ययामा गरीब जनतालाई विशेषज्ञ सेवा प्रदान गर्ने गर्दछ । नर्सिङमा प्रवीणता प्रमाण तहदेखि




एमडि, एमबिबिएस, एमएस, एफआरसिएस, पिजी, पीएचडीलगायत क्षेत्रमा अध्यापन हुनेगर्दछ ।

नयाँ भवन सञ्चालन एवं नयाँ जनशक्ति थप गर्न अस्पतालले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई पत्राचार गरेको थियो । हालसम्म कुनै जानकारी नआएको निर्देशक सेञ्जुरीले बताउनुभयो । विसं २०५९ मा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान स्थापना भएको थियो । गतवर्ष अस्पतालले ४४ हजार ५३४ आकस्मिक, तीन लाख ७८ हजार अन्तरङ, भर्ना १३ हजार १५९, शल्यक्रिया छ हजार ८७७ बिरामीलाई सेवा प्रदान गरिएको थियो । यसैगरी आठ हजार ९०८ ज्येष्ठ नागरिकको निःशुल्क सेवासमेत प्रदान गरेको कार्यक्रममा जानकारी दिइएको थियो ।

अस्पतालका निर्देशक चिकित्सक सेञ्जुरीले प्रत्येक हप्ता निःशुल्क मिर्गौला प्रत्यारोपण गरिँदै आएको र अब हरेक दिन प्रत्यारोपणको तयारी गर्न लागिएको र २० आकास्मिक श्यया थप गर्न लागिएको जानकारीसमेत दिनुभयो । हालसम्म अस्पतालले १४ जनाको सफल मिर्गौला प्रत्यारोपण गरेको छ । अस्पतालमा रहेका २३ आकास्मिक श्ययामध्ये २० जनाले काम गर्छन् । अस्पतालले हालसम्म बालरोग तथा स्त्रीरोग विशेषज्ञ सेवा दिन सकेको छैन ।

अर्बद रोगको उपचारका लागि रेडियोथेरापी, टेमोथेरापी जडानका कार्य अन्तिमचरणमा पुगेको, नशासम्बन्धी थप उच्चस्तरीय सेवा दिन उपकरण जडान जारी रहेको पनि कार्यक्रममा जानकारी दिइयो । कार्यक्रममा प्रतिष्ठानका रजिष्ट्रार प्रा प्रमिला देवानले नयाँ एक सय श्ययाको भवन सञ्चालनका लागि आवश्यक जनशक्ति, उपकरणको व्यवस्था गर्न, नर्सिङ क्याम्पस पुनः अस्पतालको हाताभित्रै सञ्चालनमा ल्याउन, नयाँ सर्जिकल भवनका लागि आवश्यक उपकरणको व्यवस्था गर्न, दुवाकोटस्थित अस्पताल प्रभावकारी सञ्चालन गर्न मन्त्रालयले सहयोग गर्नुपर्ने बताउनुभयो ।

उपप्रधान एवं स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री उपेन्द्र यादवले संविधान प्रदत्त मौलिक हक कार्यान्वयन गर्न नयाँ स्वास्थ्य नीति ल्याइएको उल्लेख गर्दै अस्पतालले आगामी दिनमा प्रभावकारी सेवा दिनुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, चिकित्सा शिक्षा र स्वास्थ्य सेवाका लागि अस्पतालले पुऱ्याएको सेवा विस्तार गर्नु जरुरी छ । मन्त्रालयका सचिव रामप्रसाद थपलियाले मन्त्रालयअन्तर्गतका १७ अस्पतालका जनशक्ति व्यवस्थापनमा मन्त्रालयले छिट्टै निर्णय लिने जानकारी गराउनुभयो ।

# नसर्ने रोगका बिरामी बढ्दै

– सुशीला रेग्मी

पाल्पामा नसर्ने रोगका बिरामीको सङ्ख्या दिन प्रतिदिन बढ्दै गएको छ । पछिल्लो समय जिल्लामा मधुमेह, दीर्घ श्वासप्रश्वास, मुटु, क्यान्सरसम्बन्धी रोगका बिरामी बढ्दै गएको पाइएको छ ।

आर्थिक वर्ष ०७३/०७४ मा ५० प्रतिशत, ०७४/०७५ मा ६० प्रतिशत र २०७५/०७६ मा ६६ प्रतिशत नसर्ने रोगका बिरामी रहेको जिल्ला स्वास्थ्य कार्यालय पाल्पाका सूचना अधिकारी माधव ज्ञवालीले जानकारी दिनुभयो । धूमपान, मध्यपान, अस्वस्थकर खानपान, परिवर्तित जीवनशैलीका कारण नसर्ने रोगको बिरामी बढ्दै गएको उहाँले बताउनुभयो ।

स्वास्थ्यलाई हानिकारक हुने खालका खानेकुराको सेवन, सरसफाइमा ध्यान नदिनु, जीवनशैलीलाई परिवर्तन गरी सुखसयलमा बिताउने गर्दा नसर्ने रोगले छिटो आक्रमण गर्न थालेको छ, जिल्लामा वर्षेनी यो रोगका बिरामी बढ्दै गएका छन्, उहाँले भन्नुभयो ।

एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दैन भने सामान्यतया त्यस्ता रोगलाई नसर्ने रोग भनिन्छ । यी रोग जीवनशैलीसँग सम्बन्धित हुने भएकाले यिनलाई 'लाइफ स्टाइल डिजिज' ( जीवनशैली रोग) समेत भन्ने गरिन्छ । आजभोलि यहाँका अधिकांश मानिस नसर्ने रोगबाट पीडित भएको पाइन्छ । नसर्ने रोग लाग्नुको प्रमुख कारण खराब जीवनशैली नै हो । जसमध्ये अत्यधिक धूमपान र मध्यपान गर्नु, अल्छीपना अर्थात् शारीरिक व्यायाम नगर्नु, प्रदूषण, गलत खानपान आदि कारक तत्व हुन् ।

अहिले नेपालमा उच्च रक्तचाप, मधुमेह, दम, क्यान्सरलगायत रोगका बिरामीको सङ्ख्या ह्वात्तै बढ्नुका कारण जीवनशैलीमा हेल्चेक्र्याइँ गर्नुले नै हो । धूमपान–मध्यपानबाट टाढा रहन सकेमा नसर्ने रोग लाग्नबाट बच्न सकिने रामपुर नगरपालिका स्वास्थ्य शाखा संयोजक तीर्थप्रसाद ढुङ्गानाले बताउनुभयो । धूमपान गर्दा श्वासप्रश्वास, फोक्सोको क्यान्सरलगायत जटिल समस्या देखापर्ने उहाँले बताउनुभयो ।

अत्यधिक रक्सी सेवनले कम्तीमा २०० प्रकारका रोग लाग्ने सम्भावना रहन्छ । खैनी, गुट्खा, पानजस्ता सुर्तीजन्य पदार्थको सेवन गर्नुहुँदैन । यस्ता पदार्थको सेवान नगर्ने हो भने दम, मुखको क्यान्सर, मधुमेहजस्ता रोगबाट बच्न सकिने स्वास्थ्यकर्मी बताउँछन् । १८ वर्षमुनिका बालबालिका र गर्भवतीले सुर्तीजन्य पदार्थ किनबेच गर्न नपाउने, सरकारी, सार्वजनिक स्थल वरिपरि बिक्री वितरण तथा सेवन गर्न नपाइने भएपनि खुलेआम यस्ता सुर्तीजन्य पदार्थ किनबेच भइरहेको पाइन्छ ।

यसो गरेमा रु १०० जरिवाना र १८ वर्षभन्दा मुनिका बालबालिका र गर्भवतीले किनबेच गरेमा रु १० हजारसम्मको जरिवानाको व्यवस्था छ तर कार्यान्वयन नहुँदा सुर्तीजन्य पदार्थको सेवन घट्नेभन्दा झन बढ्दै गइरहेको छ ।

खुलेआम सुर्तीजन्य पदार्थ सेवन गरिए पनि कारवाही नहुँदा प्रयोगकर्ता बढ्दै गएका छन् । सरकारले मुलुकका ७५३ वटै स्थानीय तहमा सुर्तीजन्य पदार्थ, मदिराजन्य पदार्थको बजार अनुगमन संयोजक प्रमुख प्रशासकीय अधिकृत रहने व्यवस्था गरेको छ ।

दर्ता नगरिकन सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न पाइँदैन तर पनि साना किराना पसलमा खुलेआम सुर्तीजन्य पदार्थ झुण्ड्याएर राखिएको हुन्छ । यसको कडाइमा स्थानीय तहले निगरानी गरेको पाइँदैन ।

नेपालमा हाल मृत्युको ठूलो कारण नसर्ने रोगलाई मानिन्छ । सन् २०१६ मा नेपालमा गरिएको एक अध्ययनअनुसार ६६ प्रतिशत मानिसको मृत्युका कारण नसर्ने रोग हो । यसमा पनि मुटुरोगका कारण मृत्यु हुनुको सङ्ख्या ३० प्रतिशत, श्वासप्रश्वाससम्बन्धी रोगले १० प्रतिशत, क्यान्सरजन्य रोगले नौ प्रतिशत, मधुमेहले चार प्रतिशत रहेको थियो । साथै अन्य विभिन्न किसिमका नसर्ने रोगबाट मृत्यु हुनेको सङ्ख्या करीब १३ प्रतिशत रहेको तथ्याङ्कमा उल्लेख छ । नसर्ने रोगका कारण मृत्यु हुनेमा ६० वर्षभन्दा कम उमेरका मानिस बढी छन् । उनीहरूको सङ्ख्या ८२ प्रतिशतभन्दा माथि छ । यसमा पनि प्रायःनिम्न र मध्यम आयस्रोत भएका मानिस नसर्ने रोगका कारण मृत्युवरणमा पुगेका छन् ।

व्यक्ति स्वयंले आफ्नो जीवनशैलीमा ध्यान दिनसकेमा नसर्ने रोगबाट बच्न सकिन्छ । नसर्ने रोगबारे सरकारीस्तरबाटै स्वास्थ्य योजना, खोजमूलक अनुसन्धान, खाद्य विनियम गर्नसकेमा केही हदसम्म नसर्ने रोग नियन्त्रण गर्न सकिन्छ ।

## स्वास्थ्य/विविध

# चिनीबाट बनेका मिठाई सकभर नखाउ, सचेत रहौं

सुरेश कुमार अधिकारी 'मित्र'



धेरै गुलियो खानालाई स्वास्थ्यको लागि हानिकारक मानिन्छ । गुलियो खानामा चिनी मिसाइएको हुन्छ । यस्तो खानामा क्यालोरी बढी हुन्छ । क्यालोरी बढी भएको खाना खाएमा मोटोपना हुने सम्भावना बढी हुन्छ । मानिसले बनाएको गुलियो खाने कुरालाई अप्राकृतिक भन्दा हुन्छ । यस्ता अप्राकृतिक गुलियो खानाको प्रशस्त नियमित प्रयोगले भविष्यमा मुटु र रक्त नली सम्बन्धी रोगहरु उत्पन्न हुन सक्छ । फलफूल पनि गुलियो खानामा पर्दछ । तर यी खानाहरु प्राकृतिक हुन् । प्राकृतिक खानाको गुलियोपना स्वास्थ्यको लागि हानिकारक भने हुँदैन । फलफुलहरुबाट पनि प्रशस्त क्यालोरी प्राप्त हुन्छ तर यसले स्वास्थ्यमाथि प्रतिकूल असर गर्दैन । बरु यसले फाइदा नै पुऱ्याउँछ । मधुमेह रोगी बाहेक अरु कसैले गुलियो फलफुलको प्रशस्त प्रयोग गर्न सक्छ । फाष्टफूडमा चिनी, चिल्लो र नूनको मात्रा बढी हुन्छ । जसले स्वास्थ्यको लागि प्रतिकूल असर पार्ने तत्व रहेकोले असर पार्न सक्छ । तसर्थ चिनीयुक्त गुलियो अर्थात् मिठाई, चकलेट, कोक, चिनी राखेको चिया, जेरी, केक, बतासा, सनपापरी धेरै सेवन गर्नु हुँदैन । बरु त्यसको साटोमा फुलफुल खाने गरेमा ताकत आउने र प्रशस्त भिटामिन, मिनिरल, क्यालसियम र प्रोटीन प्राप्त गर्न सक्दछौं । सकभर चिनीबाट बनेका परिकार एवं मिठाई नखादा वेस मानिन्छ । कहिलेकाहिँ साथीभाइहरुको कार्यक्रममा गइयो भने पनि मिठाइको परिकार सकभर नखान र सचेत हुन समेत आग्रह गर्न जरुरी छ । तसर्थ मधुमेह, उच्च रक्तचाप, मोटोपन, उच्च कोलेस्ट्रोलबाट गुलयो कम गर्नु नै बुद्धिमानी ठहरिन्छ । सकभर गुलियो खाना खाँदा हल्का नुनिलो र कागजीको रस दालमा वा मन्तातो पानीमा राखेर खाँदा स्वास्थ्यका लागि फाइदाजनक ठहरिन्छ ।

# पहिलो पटक चितवनमा कलेजो प्रत्यारोपण सेवा सुरु

चितवन । काठमाडौं बाहिर पहिलो पटक कलेजो प्रत्यारोपण ओपिडी सेवा सुरु भएको छ । मेडिकल सिटिको रुपमा परिचितमा गुणस्तरी सेवा दिदै आएको चितवन मेडिकल कलेज (सिएमसी)भरतपुरले आम जनताको मागलाई मध्यनगर गर्दै यो सेवा सुरु गरेको हो ।

हेपाटाईटिस डे को अवसर पारेर आजदेखि चितवनको सिएमसीबाट कलेजो सम्बन्धी जटिल रोगबाट ग्रस्त बिरामीहरुको सेवामा हेपाटोलोजी तथा कलेजो प्रत्यारोपण ओपीडी सेवा सुरु गरेको अस्पतालका अध्यक्ष तथा प्रबन्ध निर्देशक हरिशचन्द्र न्यौपानेले जानकारी दिए । डा.सागर पौडेलको नेतृत्वमा ५ सदस्ययी टोली यहाँ यो सेवा दिनेछ ।

कलेजोको क्यान्सर तथा 'लिभर सिरोसिस' जस्ता समस्याका कारण बर्सेनी मृत्युदर बढिरहेको अवस्थामा सिएमसीले यो सेवा सुरु गरेको उनले प्रस्ट पारे । सहज रुपमा गाउँठाउँमा नै यो उपचार सेवा दिन आफूहरुले सुरु गरेको सेवा मुलुकै लागि अनुकरणीय हुने अस्पतालको विश्वास छ । नेपालमा विदेशको तुलनामा एकतिहाइभन्दा पनि कम खर्चमा कलेजो प्रत्यारोपण हुने गरेको छ । विदेशमा प्रत्यारोपण गर्दा ७० लाख रूपैयाँभन्दा बढी खर्च लाग्ने गरेकोमा





नेपालमा २० देखि २५ लाखमै प्रत्यारोपण हुन्छ । तर, प्रत्यारोपण अत्यन्त जटिल भएका कारण त्यसका लागि अत्यन्त सम्पन्न पूर्वाधारको आवश्यकताका साथसाथै कानुनी व्यवधान र दातासित बिरामीको अंगको मेल खानुपर्ने हुँदा प्रत्यारोपणले गति लिन नसकेको विज्ञहरूले बताउँदै आएका छन् । राजधानी बाहिर कलेजोसंग सम्बन्धित रोगहरुका विषयमा राम्रो उपचार गर्ने अस्पतालको समेत अभाव थियो । सिएमसीले यसअघि नै कलेजो प्रत्यारोपणको स्वीकृति लिईसकेको थियो । कलेजो प्रत्यारोपण सेवालाई लक्षितगरी यससम्बन्धी ओपीडि सेवा सुरु गरिएको अस्पतालले पत्रकार भेटघाट कार्यक्रम गरि जानकारी गराएको थियो ।

यस अस्पतालमा कलेजो सम्बन्धी रोगको निदानका लागि दक्ष जनशक्तिहरुको टिम तयार भइसकेको छ । राजधानीबाहिर चितवनमै पहिलोपटक कलेजो प्रत्यारोपण सेवा संचालन गरि चितवनलाई कलेजो प्रत्यारोपणको हब बनाउँने लक्ष्यका साथ यो सेवा संचालन गरिएको अस्पतालका प्रमुख कार्यकारी अधिकृत प्रताप देवकोटाले जानकारी दिए । साथै, आवश्यक उपकरण, पूर्वाधार निर्माण र दक्ष जनशक्तिको संयोजन मिलाउने काम लगभग सकिएसँगै प्रत्यारोपणको ८० प्रतिशत काम सकिएको जनाइएको छ । राष्ट्रिय रुपमा नै कलेजो प्रत्यारोपण गरेर कलेजोका बिरामीहरुलाई जीवनप्रति नयाँ आशा जगाउँने जमर्को स्वरुप सेवा सुरु गरिएको जनाइएको छ । करिब एक दशक अघि चितवनको भरतपुरमा स्थापित चितवन मेडिकल कलेजले अति विशिष्ट सहितको विहेषज्ञ सेवा प्रदान गर्दै आईरहेको छ ।

हेपाटाईटिस बी रोगको क्षेत्रमा योगदान पुर्याएका अमेरिकन चिकित्सक ब्लम्बर्गको जन्मदिनको अवसर पारेर जुलाई २८ लाई विश्वभर हेपाटाईटिस डे का रुपमा मनाइन्छ । जटिल अवस्थामा पुगेपछि मात्रै कलेजो सम्बन्धी रोगहरुबारे थाहा हुने भएकाले यसको उपचार पनि सहज हुँदैन । हाल विश्वभर यस्ता प्रकृतीका रोगको संक्रमणदर उच्च छ ।

यसै विषयमा जानकारी दिने उद्देश्यले आज विहान वाकाथन समेत गरिएको थियो । बिहान करिब साढे सात बजे सिएमसीबाट सुरु भएको वाकाथन चौबीसकोटी, मालपोतचोक, भरतपुर अस्पताल हुँदै दीपेन्द्रचोक निस्केर पुनः सिएमसी पुगेर सकिएको थियो । वाकाथन (यालीमा करिब ४ सय जनाको सहभागिता रहेको थियो ।


विपीको स्मरण गरौं



नेपाली काँग्रेसका नेता विश्वेश्वर प्रसाद कोइरालाको स्मृति दिवसको अवसरमा प्रत्येक वर्षको साउन ६ लाई स्मरण गरौं । वि.पी.द्वारा प्रतिपादित प्रजातान्त्रिक समाजवादतर्फ मुलुकलाई अघि बढाउने प्रेरणा सबै नेपालीलाई प्राप्त होस ।

पूर्णबहादुर थापा मगर
झोर्ले रेष्टुरेन्ट एण्ड खाजा घर
गैडाकोट, नवलपुर


विपीको स्मरण गरौं



नेपाली काँग्रेसका नेता विश्वेश्वर प्रसाद कोइरालाको स्मृति दिवसको अवसरमा प्रत्येक वर्षको साउन ६ लाई स्मरण गरौं । वि.पी.द्वारा प्रतिपादित प्रजातान्त्रिक समाजवादतर्फ मुलुकलाई अघि बढाउने प्रेरणा सबै नेपालीलाई प्राप्त होस ।

चुडामणी पौडेल
सुलभ छापाखाना
शहीदचोक, नारायणगढ


विपीको स्मरण गरौं



नेपाली काँग्रेसका नेता विश्वेश्वर प्रसाद कोइरालाको स्मृति दिवसको अवसरमा प्रत्येक वर्षको साउन ६ लाई स्मरण गरौं । वि.पी.द्वारा प्रतिपादित प्रजातान्त्रिक समाजवादतर्फ मुलुकलाई अघि बढाउने प्रेरणा सबै नेपालीलाई प्राप्त होस ।

कुलप्रसाद पोखेल
भरतपुर महानगरपालिका वडा नं. ११, चितवन

विपीको स्मरण गरौं



नेपाली काँग्रेसका नेता विश्वेश्वर प्रसाद कोइरालाको स्मृति दिवसको अवसरमा प्रत्येक वर्षको साउन ६ लाई स्मरण गरौं । वि.पी.द्वारा प्रतिपादित प्रजातान्त्रिक समाजवादतर्फ मुलुकलाई अघि बढाउने प्रेरणा सबै नेपालीलाई प्राप्त होस ।

जयराम श्रेष्ठ
अध्यक्ष
भरतपुर महानगरपालिका वडा नं. १ को कार्यालय, नारायणगढ

# मेरा जिन्दगीका अनुभवहरु–६

**मेरो विहेवारी**

इन्जिनियरिङको अन्तिम वर्ष सन् १९५६ तिर सम्बत २०१४ साल माघतिर बुबा टंकानाथ बास्तोलाको एक्कासी टेलिग्राम आयो। दाजुहरु सबै बन्दोबस्ती साथ मेरो बिहेबारीको लागि विराटनगर गइसकेको कुरा लेखिएको थियो। तागिता आई रहेकोले म पनि साथी रमा रिजालसँगै रेलबाट जोगवनी हुँदै विराटनगर पुगे। मेरी जेठी दिदी आशालता रिजाल श्री नगेन्द्र प्रसाद रिजालसँग बिहा भएकोले उहाँको ठुलो बुवा नारायण प्रसाद रिजाल कहाँ गएर भेटघाट गऱ्यौ। मेरा इच्छा त विए पास केटीसँग बिहा गर्ने थियो तर त्यति बेला त्यहाँ सो अनुसारका केटीहरु भेटिएनन्। धरान, विराटनगर, आचार्य, रिजालहरुसँग बास्तोला परिवारको विहेबारी नाता छँदै थियो। धेरै ठाँउमा कुराकानी भएर पनि चित्त बुझ्दो नभएपछि दश कक्षामा पढ्दै गरेकी डि. कुलप्रसाद आचार्यकी छोरी सुशीला आचार्य सुशील स्वावकी गुणवती बिहे पछि पनि केले पढ्छु भनेकीले उनैलाई मन पराएर सातदिन भित्रै बिहे गर्न अनुरोध गरियो। उहाँहरुको परिवार ठुलो भएकोले उनैलाई मन पराएर सातदिन भित्रै बिहे गर्न अनुरोध गरियो। उहाँहरुको परिवार ठुलो भएकोले कोशीको बराह क्षेत्रमा विवाह गरिदिने गरी तय भएर विवाह भयो। श्रीमतीलाई लिएर झापा शनिश्चरे कप्तानवाडीमा बुवामुमासँग छोडी आफु कलकत्ता फर्केर गए। आचार्य परिवारमा दश जना जेठाहरु थिए। तिनीहरु मध्ये मुख्यत : राजेन्द्र आचार्य, पशुपति अचार्य, दिनानाथ आचार्य तथा शेखर आचार्यसँग पछि सम्म पनि सम्पर्क भई नै रहयो। पशुपति आचार्य छोरा दीपक आचार्य इन्जिनियर पढेर विद्युत विभागमा नै काम गरे उनीसँग पछि सम्म पनि सम्पर्कमा रहिरह्यो। पशुपति आचार्यको छोरी ज्वाई टंकमणि शर्मा सरकारी नोकरीमा भएकोले सधैँ सम्पर्क रहिरह्यो। बिनाका दाइ विनोदसँग सधै सम्पर्क भई रह्यो।

कलकत्तामा पढ्दै गर्दा एक चोटि विदेशी छात्रछात्राहरु भरतमा पढ्दै गरेका दशजनाको टोली बनाएर South india Bombay, Ilahabad, Agara, Ellora, Banaras को भ्रमण गरियो। जापानी इन्डोनेसियन, मलेसियन र नेपाली भएकोले विदेशीहरुसँगको सहवासको पनि अनुभव भयो। कलकत्तामा पढ्दा नै विवेकानन्द, परहसका अनाध्यात्मिक चिन्तको किताब सहित बेलुरमठ कालीमन्दिर आदि गइयो। साथै रबिन्द्रनाथ टैगोरले बनाएको साधारण घरहरु र खुला वगैचाहरुमा अध्यापन गराउन, नैसर्गिक वातावरणमा बस्ने पढ्ने व्यवस्था भएको विश्वभारती युनिभर्सिटी पनि अवलोलकन गरियो। कलाकत्ता बस्दा बंगाली हिन्दी अंग्रेजी सिनेमाहरु पनि प्रशस्त हेरियो। विशाल महानगरीमा पाँच वर्ष बस्दा जीवनमा धेरै कुराको सिप र ज्ञान प्राप्त भयो। साधै हिन्दु सभ्यताको उदगमस्थल भारत वर्षको इतिहास, कला, संस्कृति नेपालसँग पनि मिल्दो जुल्दो भएकोले त्यहाँको बसाईबाट धेरै गहिराइमा गएर अध्ययन अवलोकन गर्ने मौका मिल्यो।

**नेपालमा नोकरीको सुरुवात**

1957 septermber df jadavpur university af6 electrical engineering गरेर आएपछि नोकरीको लागि काठमाडौँमा आउँदा Dr.K.L. singh सरकार थियो। त्यो सरकार धेरै टिकेन। म पनि बिजुली अड्डामा ज्यालादारीमा काम गर्न थाले। पछि सम्वत २०१४ को आम निर्वाचन पछि विश्वेश्वर प्रसाद कोइरालाको सरकारमा बिजुली नहर मन्त्री गणेशमानजीले स्थान सेवामा नोकरी गरिदिनु भयो। त्यहीबेला सोभियत संघबाट आएको पन्ध्र सटि मध्ये म पनि ए सिटमा छनौट भएर गए। यसको अध्ययन बारे मैले माथि नै वर्णन गरी सकेको छु। सम्वत २०२९ सालमा प्रमोशन प्रथम श्रेणीमा भएर योजना आयोजनाबाट विद्युत आघोत्र विभागमा आए। त्यहाँ काम गर्दा मैले मुख्यत : दश वर्ष सम्म पुर्वाञ्चल विद्युत कर्पोरेशनको अध्ययनको काम हेरे। त्यतिबेला सचिव शंकर कृष्ण मल्ल भए। उनीसँग मेरो काम गराइमा मेल खान्थ्यो। पूर्वाञ्चल कर्पेरिशन खडा गरेर अफु अध्यक्ष भएर सान्तबहादरु पुन, आत्म कृष्ण श्रेष्ठालाई जनरल मेनेजर भएर करिब जम्मा आठ वर्ष पूर्वको सबै काम समेत हेरेर काम गरे। भारतीयहरुले निर्माण शुरु नगरुञ्जेल देवीघाट जलविद्युत योजनाको प्रारम्भीक काम मैले नै प्रमुख Enenieer भएर रेखदेखर गरे। त्यसमा सहयोगी पुण्य प्रसाद अधिकारीलाई लिएर काम गरे। मर्स्याङदी योजना शुरुको ५-६ वर्षको सबै काम गरी सकेपछि सम्वत २०४० तिर विद्युतको काम Co – ordination भएन। धेरै संस्था नबाएर World Bank, ADB को अध्ययन अनुसार एउटा संस्था Nepal Electricity Authority बनाउने भनेर बाह्र तहको Director बनाएर मर्स्याङदीबाट सरुवा भएर प्राधिकरण आए। प्राधिकरणलाई पनि शक्तिशाली बनाउने भनेर त्यत्रो मेहनतथ अध्ययन गरेर बनाएको पनि फेरि मन्त्री सचिव अधयक्ष रहने गरी Directed organation मा नै कालान्तरमा रुपान्तरित भएर आयो। यही बेला निवृत्तिभरण पाएर नेपाल विद्युत प्राधिरणबाट अलिगएर बसे। निवृत्तिभरण भएपछि त्रिभुवन विश्वविद्यालयले जलश्रोतमा Reseacrh Chair भनेर दुई वर्षको लागि केही समय इन्जिनियरिङमा पढाउने गरी काम दियो। त्यतिबेलासम्म नेपालमा निजी क्षेत्रमा Counsultancy बढेको थियो। उनीहरुसँग पनि काम गरे।

अव समय प्रशस्त भएकोले सन् १९९० देखि २००० सालसम्म विभिन्न आध्यात्मिक केन्द्रहरु जस्तै अरुण स्वामीको तपोवद, आशो शिविर, आशो मैत्रेयको सौराहा, काठमाडौँ, आशो पथिकको अरुण पथिकको गोरखधाममा विभिन्न प्रकारका शिविरहरुमा साथी इन्जिनियर गौरी शंकरजी सहित विभिन्न क्याम्प र शिविरमा विभिन्न प्रकारका योग साधना गरेर विताइयो। यसै समयमा आध्यात्मि चिन्तन अध्ययन गहनतम् गरियो। साथै धर्म देर्शन विज्ञान किताव लेखेर प्रकाशनमा ल्याइयो।



सूर्यनाथ बास्तोला

२००० सालमा कान्छि छोरी डा. शर्मिला अर्याल र ज्वाई पुरुषेत्तम अर्यालले उनीहरुको जेठो छोराको जन्म हुने भएकाले बोलाएर म श्रीमती सहित अमेरिका गयौ। अमेरिकाको बैभव सुनेको तर ज्वाई छोरी घरवार गरी उहाँ बसेकोले उनीहरुसँग बस्दा अमेरिका हरेक काम सक्नेलाई यथेष्ट कमाउने सक्ने र बुढो भएपछि Social security र पेन्सन भएको जिन्दगी बिताउन सक्ने भएको समाज स्थापना भएका पाइयो। सबैजान आफू कर्तव्य र अधिकारमा बाध्य भएर काम गरेको पाइयो। कान्छो छोरा सुनिल बास्तोलालाई उनीहरुले नै मिलाई दिए। पछि सपरिवार अमेरिका बस्ने ग्रीनकार्ड आफ्नो कम्पनी बाट दिलाएर गराइदिए। छोरी संगीता पुडासैनी, ज्वाई नरेन्द्र पुडासैनी र नातिनी जेनिसा पुडासैनी Resident visa मिलाएर Canada Toronto मा बस्ने थाले। निवृतित्तभरण भएर बसेको बेला हाम्रो अमेरिका, क्यानडा, नेपाल बसाई आलोपालो गरी सन् २०१४ सम्म चलिरह्यो। यसै समयमा झापाको जग्गा जमिन बेचेर छोराहरुलाई अंश दिए। उनीहरुले नेपाल र अमेरिकामा घर किनेर बसे। हामी आलोपालो धेरैजसो अमेरिका र अरु बेला क्यानडा , नेपाल बस्ने भइयो। अमेरिका बसाई आरामदाइ रहयो। अमेरिका, क्यानडा बस्दा ल्यापटप, इन्टरनेट प्रयोग र लाइब्रेरीबाट किताब ल्याई अध्ययन गरेर Mans Quest for happiness prosperity, World Travel, Buddsim and Hindusim जस्ता किताब नेपालबाट प्रकाशन गरियो। उस्तै उस्तै उच्च कोटिको नै जीवनस्तर पाइयो। देश बनाउन आप्रवासीहरुले ठुलो मद्दत र मेहनत गरेका रहेछन्। उत्कृष्ट बुद्धि र क्षमता भएका व्यक्तिहरुलाई अनेक सुविधा दिएर Research Development मा लगाएर मेहनत साथ सबैलाई सुख सुविधा बाँडेर देश उन्नति गर्ने, नियम कानुनको भेदभाव हटाएर समाजको विकास गरेका रहेछन्। देश विकासमा सबै सहयोगी साथै वर्गमा सुख सुविधा पनि बाँडेर सबै वर्गको उन्नति गर्ने समाज सिर्जना गरेको रहेछन्।

*क्रमश:*

## कविता/गजल

### अमुल्य जीवन



**रामनाथ अधिकारी**

ख़राब कुरा गरेमा बिग्रन्छ यो मती,
यही वानी बस्यो भने हुन्छ ठूलो खति।
कु बस्तुमा नजर कहिल्यै नलाउनु ,
सत्य कर्म गर्न कहिल्यै पछि नपर्नु ।१।


कुरा काट्ने बानी बसे शत्रु मात्र बढ्ने,
राम्रो कुरा गर्ने सधैं बिश्वासमा अड्ने।
कुरौटे नारद जस्तो कहिल्यै नहुनु,
शुद्ध बुद्ध शान्त बनी सधैं भरी जिउनु ।२।

ख़राब् काम गर्यौ भने हानी मात्र हुन्छ,
कार्य फल नमिल्नाले दुस्ख धेरै बढ्छ ।
सकारात्मक सोचलेनै बुद्धि बढाउँछ,
ईश्वरको भक्ति गर्ने मार्ग देखाउछ।३।

असल चालचलनले बुद्धि सप्रन्छ,
अन्तस् करण शुद्ध भै सच्चरित्र बन्छ ।
चरित्रवान व्यक्ति नै आत्मज्ञानी हुन्छ,
आत्मज्ञानी मानव मात्र सधैं पुजिन्छ ।४।

अमुल्य यो मानव जीवन अप्राप्य छ,
जीवनको लक्ष्य के हामी बुझ्नु पर्छ ।
प्राणीहित कर्म गरी जीवन सुधारौं,
कर्म योगी वनी जीवन सफल पारौं ।५।

### गजल



हात्ती पाल्न खोज्छौ भने, आहारा दिन सक्नु पर्यो ।
एक मुठी जल हैन, छहरा दिन सक्नु पर्यो ।

माया गर्छु भन्छौ तिमी, जिवन भर साथी बनी,
लोलोपोतो मात्र हैन, सहारा दिन सक्नु पर्यो ।

तिम्रो मेरो प्रेम माथि, गडेका छन अ'ाखा धेर,
साच्चै माया गर्छौ भने, पहरा दिन सक्नु पर्यो ।

हामी दुबै एक भय, दुख कहिल्यै हुन्न भन्छौ,
दुइ बित्ते सुर्का हैन, गहरा दिन सक्नु पर्यो ।


मिठा कुरा तिम्रा धेरै, गगन चुम्बी महलका,
तिम्रो मन भित्र बस्ने, टहरा दिन सक्नु पर्यो ।

**दुर्गा अधिकारी भमरकोटे ।**

## पुस्तक चर्चा

# जीवन समृद्धिको लागि विचारको माला

पूर्व प्रहरी नायव उपरीक्षक प्रज्वल विक्रम कुँवर समाज सेवा एवं कला, संस्कृति संरक्षणमा रुचि राख्ने कर्मयोगी हुनुहुन्छ। उहाँ विभिन्न खालका समाजोपयोगी ज्ञानवर्द्धक कितावहरु पनि लेख्नुहुन्छ। उहाँको कृति "जीवन समृद्धिको लागि विचारको माला" नामक पुस्तक मेरो हात पऱ्यो। यो उहाँको दोस्रो कृति रहेछ। त्यसमा पनि यो दोस्रो संस्करण भइसकेको रहेछ। पुस्तक हेर्दैमा आकर्षक छ। कभरको अग्र भागमा राखिएको तस्वीर आफैं बोलिरहेछ। कुनै महापुरूषबाट मानव जीवन समृद्धिका लागि आवश्यक उर्जा उत्पन्न भएर फैलिरहेको भान हुन्छ।




लेखक आफैंले प्रकाशन गर्नुभएको यो पुस्तक आद्योपान्त अध्ययन गरें। अन्तर्वस्तुको बारेमा भन्नुपर्दा जीवन के हो ? यसलाई कसरी सार्थक र सफल बनाउने लगायत, सफलताका लागि मनन गर्नुपर्ने आयामहरू आफू र समाजमा भिजाएर तिनलाई रुपान्तरणका लागि सहयोगी बनाउने कुराहरू पुस्तकमा समाहित गरिएको छ।

धेरै विद्वानहरूको विचार समेटेर बढो मिहिनेतका साथ ज्यादै महत्वपूर्ण र ज्ञानवर्द्धक पुस्तक तयार गर्नुभएको छ। बौद्धिक अल्पताले कुपोषणमा जकडिएको हाम्रो समाजलाई यसले बौद्धिक खुराकको काम गर्दछ भन्ने लाग्दछ। त्यसले पाठकहरूको विचार र व्यवहारमा आमूल परिर्वतन ल्याउनुका साथै भविष्यको योजना तयार गर्न समेत मद्दत गर्ने देखिन्छ।

हामी जस्तो गरिबीको रेखामुनिका दुःखी जनताको कुरै छाडौँ, प्रगतिको शिखर चुमेका विकसित राष्ट्रका नागरिकसमेत अहिलेको कोलाहल, भागदौड र अशान्तिले वाक्क दिक्क भएर शान्तिको खोजिमा दौडिरहेका छन्। जीवनलाई पूर्णशान्ति दिलाउने माध्यम पूर्वीय दर्शनको योग विधालाई पनि यसमा लेखकले समावेश गर्नु भएको छ। छोटकरीमा भन्नुपर्दा यसलाई घैलाभित्रको समुद्र भन्दा पनि अत्युक्ति नहोला। शान्तिको खोजी गर्नेहरूका लागि समेत यो पुस्तक अचूक औषधी हुनेछ। समग्रमा भन्नुपर्दा

***"लिनु मात्र परम स्वार्थ, लिनुदिनु व्यापार***
***दिनु चांहिं ठूलो धर्म, समाज सेवा अपार"***

भन्ने आदर्श मान्यतालाई आत्मसात् गर्दै नेपालको वर्तमान परिप्रेक्षलाई सुहाउँदो सरल भाषामा प्रस्तुत यो पुस्तक समाज रुपान्तरणका लागि उपयोगी लागेकोले नातिदेखि हजुरबासम्म सबै उमेरका पाठकहरूका लागि पठनीय ठानेको छु। हाम्रो दैनिक जीवनमा परिआउने आरोह-अवरोह एवं सबै पक्षका भोगाइलाई यहाँ समेटिएको छ। यस्ता खाले पुस्तकहरू बजारमा कमै देखिन्छन्। त्यसमा पनि नेपाली भाषामा त नगन्य मात्रमा छन्।



**तेजप्रकाश बानियाँ**
**पूर्व सहायकरथी**

मलाई लाग्छ जीवन रुपान्तरणका लागि यो पुस्तक कोशेढुङ्गा सावित हुनेछ। नेपाल प्रहरीमा लामो सेवा गरी हाल अवकास प्राप्त भएर पनि समाजलाई अत्यन्त उपयोगी र ज्ञानवर्द्धक खुराक पस्कन सफल हुनुभएकोले म लेखकलाई साधुवाद भन्न चाहन्छु। भविष्यमा पनि यस्ता जीवनोपयोगी पुस्तकहरू अझ परिमार्जित र परिष्कृत भई पाठकसामु आउनेछन् भन्ने पूर्ण आशाका साथ कलम बन्द गर्दछु।

